Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- २९ २०८१ साल फागुन् २७ गते मंगलबार (Mar 11, 2025) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# के अब राजतन्त्र पुन:बहाली होला त ?

■ मोहन कार्की

**काठमाडौं–** नेपालमा यतिवेला राजतन्त्रको विषयमा देशभरी चर्चा चल्न थालेको छ। पूर्व श्री ५ माहाराज धिराज ज्ञानेन्द्र बीरबिक्रम शाहदेव नेपालका बिभिन्न स्थानहरुमा घुमेर पोखरावाट विमानस्थलवाट काठमाडौंको अन्तराष्ट्रिय त्रिभुवन विमानस्थल हुदै निर्मल निवासमा जाने क्रममा काठमाडौं उपत्यकामा रहेका नागरिकहरु स्वत स्फुर्त राजसंस्थाको पक्षमा मानिसहरुको उल्लेख उपस्थिति हुनुले नेपालमा राजतन्त्र अझै जनताले चाहेको होकी भन्ने भान आम मानिस र अन्तराष्ट्रिय क्षेत्रमा पर्न गएको छ ।



यतापटी यसरी जनमत सडकमा मानै लाखौको भीड जम्मा भएको देख्दा उत्तापटी संविधानमा गणतन्त्र धर्मनिरपेक्ष लेखि उल्लेख भईसकेको हुनाले राजतन्त्र पुन:बहाली हुने कुरामा त्यति सजिलै हुन्छ भन्ने देखिदैन ।

त्यसलाई नेपालका सञ्चारमन्त्री समेत रहेका पृथ्वि सुब्बा गुरुङले समेत राजतन्त्रको पक्षमा उत्रिएको भीडलाई सामान्य भनेका छन् ।

उत्ता राजनीतिक विशेषकहरुले भने निक्कै डरलाग्दो भनेर भनेका छन् । त्यसकारण नेपालको राजनीति अव गणतन्त्र कि राजतन्त्र भन्ने विषयमा पुनः जनमत सग्रह हुन बेर लाग्ने छैन ।

नेपालमा बढ्दो महगी, भ्रष्टचार, वेतिथि, अन्याय, अत्यचार जस्ता सामाजिक रुपमा जनताले प्राप्त गर्नुपर्ने सेवा सुविधाहरु प्राप्त गर्न नसक्दा नेपाली सर्वसाधरणहरु वर्तमान सरकार र पछिल्लो बनेको थिति अर्थात गणतान्त्रिक व्यवस्थाले नै यस्तो अवस्थामा पुऱ्याएको महसुस गरिरहेका छन् ।

यहि समयमा राजतन्त्र पुनः बहालीको लागि कसरत हुनु जनता उल्लेखिय मात्रमा सडमा नै राजतन्त्र जिन्दावाद भन्दै उत्रनुले राजतन्त्रको विषयमा वार कि पारको स्थिति पैदा भएको देखिन्छ ।

कुनैवेला माओवादी लगायत ७ राजनीतिक दललाई भारतले एक ठाउँमा ल्याईदिएको शक्ति भारत नै यतिवेला राजतन्त्रको पक्षमा होकि भन्ने देखिन्छ ।

यसरी अन्तराष्ट्रिय परिस्थितिहरु समेत अनुकुल बनेको खण्डमा नेपालमा राजतन्त्र पुन:बहाली नहोला भन्न सकिदैन । भन्ने एकथरी राजनीतिक विशलेषकहरुको रहेको छ । राजतन्त्र ल्याउने कि नल्याउने भन्ने विषय नेपाली जनता नै जनार्दन हुन् ।

## राप्रपाको ठहर– राजसंस्थाको आवश्यकता र अपरिहार्यता प्रमाणित भयो



**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आइतबार पूर्वराजा ज्ञानेन्द्र शाहको समर्थनमा काठमाडौंमा भएको प्रदर्शनले नेपालमा राजसंस्थाको आवश्यकता र अपरिहार्यता प्रमाणित भएको ठहर गरेको छ ।

सोमबार दिउँसो बसेको पार्टीको पदाधिकारी बैठकले यस्तो ठहर गरेको प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले जानकारी दिए ।

'आम नागरिकको विशाल र उत्साहजनक उपस्थितिले नेपालमा राजसंस्थाको आवश्यकता र अपरिहार्यता प्रमाणित भएको छ, ' राप्रपाको निर्णयमा भनिएको छ ।

साथै, राप्रपाले आवश्यक संवादको थालनी गर्न समेत राजनीतिक दलहरूलाई आग्रह गरेको छ ।

## ललितपुरको टिकाथलीमा बोरिङ गर्ने क्रममा आगोको ज्वाला निस्कियो

काठमाडौं- ललितपुरको टिकाथलीमा पानीका लागि बोरिङ गर्ने क्रममा आगोको ज्वाला निस्किएको छ। बोरिङको पाइप गाडेको स्थानबाटै आगोको ज्वाला दन्किरहेको छ ।

स्थानीयले हिलो र पानी छ्यापेर आगो निभाउने प्रयास गरिरहेका छन् । तर आगो निभेको छैन । आगो ननिभेकाले बोरिङ गर्ने काम रोकिएको छ ।

ललितपुर प्रहरी परिसरका प्रवक्ता नरहरि रेग्मीले बोरिङ खन्ने क्रममा ग्यास निस्किएको र त्यसमा आगो लागेको जानकारी आएको बताए । तर त्यसको विस्तृत विवरण भने नआइसकेको उनले बताए। 'त्यहाँ अलि सिनियर टोली नै पठाएर बुझ्ने काम भइरहेको छ, ' रेग्मीले भने ।

एक स्थानीयका अनुसार करिब ९ सय फिट खनिसकेपछि आगोको ज्वाला निस्किएको हो। यद्यपि यसको कारण वैज्ञानिक रुपमा पुष्टि हुन बाँकी छ।

## जनमतको दुई दिने बैठक: 'प्रतिगामी' ध्रुवीकरण विरुद्ध लाग्ने




**काठमाडौं–** जनमत पार्टीले प्रतिगामी ध्रुवीकरण विरुद्ध जनचेतना फैलाउने निर्णय गरेको छ। २५ र २६ फागुन महोत्तरीको बर्दिवासमा बसेको केन्द्रीय समितिको बैठकले यस्तो निर्णय गरेको हो ।


पार्टी प्रवक्ता डा. शरदसिंह यादवका अनुसार बैठकले सदस्यता अभियान चलाउने, पार्टी प्रवेश कार्यक्रममा तीव्रता दिने, भातृसंगठनहरूको गठनमा जोड दिने निर्णय गरेको छ ।

'बैठकले सडक, सदन र सरकार तीनै मोर्चाको लागि सशक्त तैयारी गर्ने निर्णय समेत गरेको छ, ' प्रवक्ता डा. यादवले भने, 'सदस्यता र संगठन विस्तार, पार्टी प्रवेश तथा अधिवेशनका कार्यक्रमहरूका साथ-साथै सशक्त आन्दोलनका लागि युवादस्ता गठन तथा प्रशिक्षणमा विशेष जोड दिने निर्णय भएको छ ।'

केन्द्रीय समिति बैठकले राजनैतिक दल सम्बन्धी ऐन, थ्रेसहोल्डका प्रावधान, भूमि र नागरिकतासम्बन्धी अध्यादेशप्रति सचेत हुँदै प्रतिगामी कदमहरूलाई प्रखर रूपले विरोध गर्ने निर्णय पनि गरेको उनले जानकारी दिए ।

देशको विकास र अबको निकास 'नौलो गणतन्त्र' नै हुने भन्दै त्यसको लागि घरघरमा विचार फैलाउने निर्णय जनमतले गरेको छ। यस्तै, हुलाकी राजमार्ग तथा त्यसमा रहेका पुलहरू यथाशीघ्र सम्पन्न गर्न पहल गर्ने निर्णय पनि जनमतले गरेको छ ।


## मधेश भवनभित्र मधेश शहीद प्रतिष्ठानका सदस्य मृत भेटिए



**काठमाडौं–** मधेश भवनभित्र रहेको आवासमा मधेश शहीद प्रतिष्ठानका सदस्य मृत फेला परेका छन् । सदस्य नरेश यादव आज बिहान आफ्नै ओछ्यानमा मृत फेला परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी वरुणबहादुर सिंहका अनुसार बिहान ७ बजे आफ्नै ओछ्यानमा यादव मृत फेला परेका हुन् । उनले त्यहाँ बान्ता गरेको भेटिएको छ । मृत्युको कारण भने नखुलेको डिएसपी सिंहले बताए ।

शव बिहानै पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा लगिएको छ। घटना बारेमा थप अनुसन्धान भइरहेको र पोस्टमार्टम रिपोर्टपश्चात उनको मृत्युको कारण खुल्ने प्रहरीले जनाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २९, २०८१ साल फागुन् २७ गते मंगलबार (MAR 11, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - -

### राजनीतिक अस्थितर ताले देशलाई कहिल्यै फाइदा हुदैन ।

*नेपाळमा बिभिन्न समयमा राजनीतिक अस्थितरता हुने गरेका ईतिहास छन् । भने भरखरै भरखरै जस्तै गणतन्त्र स्थापना भएको देश नेपाळ हो । नेपाळमा शासन व्यवस्था ठिक नभएको भनेर थुप्रै खाळका आन्दोळन भए राणा शासन विरुद्ध, राजतन्त्र विरुद्ध, हुदा हुदा गणतन्त्र स्थापना भएपछि पनि गणतन्त्र विरुद्ध पुन: आन्दोळन हुने तरखर भईरहेको देखिन्छ ।*

*यि घटनाक्रमहरूळे नेपाळको राजनीतिक अस्थितरताको ळागि कतै न कतैवाट खेळहरू भईरहेको छ भन्ने पुष्टि हुन्छ । २००७ साळमा आएको प्रजातन्त्र पछि त्यो वेळाको राजनीतिक अळमळको वेळा पारेर नेपाळका कोशी, गण्डकी सन्धिहरू भएका देखिन्छन् ।*

*२०४६ साळपछिका राजनीति अळमळमा देश गईराखेको वेळामा नेपाळका भु-भागहरू सीमानाहरू मिचिएका र त्यसैळाई नेपाळका शासकहरूळे सही गर्न पुगेको देखिन्छ । त्यसपछि नेपाळमा उधोग कळकारखानाहरू नीजिकरण गरेर नेपाळळाई परनिर्भर बनाएको देखिन्छ ।*

*२०५२ साळवाट जनयुद्धको नामवाट माओवादीळे थाळेको युद्धका कारण देशका भौतिक सरचनाहरू कुनैपनि बन्न नदिदा नेपाळ विश्वको विकासको सूचीमा ५० वर्ष पछाडी धकेळिएको नेपाळी जनताळे महसुन यतिवेळा गरिरहेका छन् । अर्को तर्फ यतिवेळा गाउँ खाळी हुदै जानुमा माओवादी युद्ध पनि एक कडीको रूपमा रहेको बुझिन थाळेको छ । काँग्रेस, एमाळेळाई गाउँवाट ळखेटेर शहरमा केन्द्रीत गरेको र पछि माओवादी सत्तामा आएपछि भ्रष्टचारी माओवादी जति शहरमा केन्द्रीत भएको हुदा गाउँका मानिस शहरमा बढ्न गएको सहजै देखिन्छ ।*

*यसरी एकपछि अर्को राजनीतिक अस्थिरताको कारण नेपाळळे सधै क्षति व्यहोर्दै आएको छ । पछिल्ळो समय राजतन्त्रको विषयमा भद्र अवज्ञा हुन ळागेको पनि सार्वजनिक भईसकेको छ । यो समयस्याळाई राजनीतिक पार्टीहरूळे समयमा नै सावधान गर्न सकेनन् र विगतमा जस्तै राजतन्त्रका पक्षधरहरूळे पनि सत्ता प्राप्तिपछि अळमळिरखे भने देशळे झनै समस्या व्यहोर्नु पने हुन्छ । त्यसकारण राजनीतिक अस्थितरताळे देशळाई कहिल्यै फाईदा पुगेको छैन । त्यसकारण सवै पक्षहरू बसेर आएको समस्याळाई वार्ताद्धारा सावधान खोज्नुपने देखिन्छ । त्यो काम जवाफदेही पक्षळे गर्न चाहेमा मात्र सम्भव हुन्छ । जवाफदेही पक्षळाई सवै क्षेत्रवाट दवाव दिनु आजको टडकारो आवश्यकता छ ।*

# बिग मर्जरको प्रभाव लाभांशमा



**नरेन्द्रमान श्रेष्ठ**

पछिल्लो समयमा केही बिग बैंकहरुले आ-आफ्नो वार्षिक साधारणसभाहरुमा मर्जरको एजेन्डासहितको प्रस्ताव राखेका छन् भने केहीले मर्जरको प्रस्ताव पारित पनि गरिसकेका छन् ।

बैंकहरुलाई मर्जर गर्न पर्ने के आवश्यकता पऱ्यो भन्ने कारण भने खुलाउन सकेका छैनन् । पुँजी वृद्धि गर्नको लागि मात्र हो कि अरु पनि कारण छन् ? मर्जर र बिग मर्जरको कारणले बैंकहरुले राम्रो नाफा कमाउन सकिरहेका छैनन् । ३५ अर्बभन्दा बढी पुँजी भएको ग्लोबल बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकले खोइ त सोचेजस्तो नाफा आर्जन गरेको ? पछिल्लो समयमा बैंकहरुमा निक्षेप थुप्रिएको थुप्रियै छ । बैंकमा अधिक तरलता भएको बैंकहरु स्वयं बताइरहेका छन् ।

बैंकहरुले लगानी गर्न सकिरहेका छैनन्, जसका कारणले बैंकहरुले मुनाफा आर्जन गर्न सकिरहेका छैनन् । त्यसो त बैंकहरुले राम्रो सोचेजस्तो मुनाफा गर्न नसकेको विविध कारणहरु होलान् तर सर्वसाधारण लगानीकर्ताको भनाइमा भने बैंकहरुको मर्जरले गर्दा हो भन्ने भनाइ रहेका छन् । बैंकहरुबीच एक-आपसमा मर्जरर एक्वायरले गर्दा लाभांशमा नकारात्मक असर परेको बताउँछन् सर्वसाधारण लगानीकर्ताहरु । त्यसो त बिग मर्जर गरेका बिग बैंकहरुले २०८०/८१ मा शेयरधनीहरुलाई लाभांशसमेत दिन सकेनन् ।

बिग मर्जर गरेका नेपाल इन्भेस्टमेन्ट, मेगा बैंक, हिमालयन बैंक, कुमारी बैंक, प्रभु बैंकले लाभांश दिन सकेनन् । तर मर्जरमा नगएका बैंकहरुले शेयरधनीहरुलाई १० प्रतिशतभन्दा बढी लाभांश दिएका छन् । पछिल्लो समयमा शेयरबजारमा यस्तै चर्चा चलेका छन् । मर्जरको कारणले बैंकहरुले शेयरधनीहरुलाई राम्रो लाभांश दिन नसकेको हो भनाइ आएको छ शेयरधनीहरुको । मर्जरमा नगएका केही बैंकहरुले १० प्रतिशतभन्दा बढी लाभांश दिएका छन ।

स्टान्डर चार्टर्ड बैंकले २५.५, एभरेस्ट बैंकले १५.५३, नेपाल एसबीआई बैंकले १०.६५ प्रतिशत र कृषि विकास बैंकले १०.३ प्रतिशत लाभांश दिएका छन् । २१ वटा कम्पनीहरुसँग मर्जर एक्वायर गरेको भनेर गर्व गर्ने गरेको ग्लोबल बैंकले यस वर्ष ५.५ प्रतिशत मात्र लाभांश दिएको छ शेयरधनीहरुलाई । गतवर्षको साधारणसभामा २० प्रतिशतको हाराहारीमा लाभांश दिने भनेर घोषणा गरेको ग्लोबल बैंकले लाज नमानी ५.५ प्रतिशत मात्र लाभांश दियो ।

त्यसै गरी विगतका वर्षहरुमा लाभांश दिने बैंकमा अब्बल मानेको र २ वर्षअगाडिको साधारणसभामा ३ वर्षसम्म ३० प्रतिशतको हाराहारीमा लाभांश दिने भनेर घोषणा गरेको नबिल बैंकले पनि यस वर्ष १० प्रतिशत मात्र लाभांश दियो, त्यो पनि नगद । नबिल बैंकले नेपाल बंगलादेश बैंकसँगग मर्जर गरेको कारणले यो बैंकको साखमा गिरावट आएको कतिपयको भनाइ छ । तर बंगलादेश बैंकका शेयरधनीहरुलाई सबभन्दा बढी घाटा रहेको भन्दा पनि फरक नपर्ला ।

बैंकहरुको पुँजी बढाउन र बैंकहरुको संख्या घटाउनको लागि नेपाल राष्ट्र बैंकले बैंक तथा वित्त कम्पनीहरुलाई मर्जर एक्वायरमा जानको लागि दबाब दिएको र बैंक वा वित्त कम्पनीहरुले पनि नेपाल राष्ट्र बैंकको आदेशलाई श्री पशुपतिनाथ भगवान्को प्रसाद ठानेर ग्रहण गरेको कारणले अधिकांश लगानीकर्ताले घाटा व्यहोर्नुपरेको बताउँछन् जानकारहरु । एकातिर बैंक तथा वित्त कम्पनीहरुले गरेको मर्जर एक्वायरले शेयरधनीहरुले राम्रो प्रतिफल पाउन सकेनन् भने मर्जर गर्दा स्वाप रेसियोमा पनि शेयरधनीहरु ठगिएका छन् ।

मर्जरको कारणले पनि शेयरबजारमा मागभन्दा आपूर्ति बढी हुने गरेकोले बजारमा शेयरको भाउमा पनि गिरावट आएको जानकारहरु बताउँछन् । पछिल्लो समयमा वाणिज्य बैंकहरुको बजारमा शेयरको भाउ २-३ सयको हाराहारीमा कृष्णको सुदर्शन चक्रजस्तो घुमिरहेको छ । मर्जर एक्वायरको कारणले एकातिर बजारमा शेयरको भाउ घटिरहेको छ भने अर्कोतिर बैंकहरुले पनि शेयरधनीहरुलाई चित्त बुझ्दो लाभांश दिन सकिरहेका छैनन् ।

त्यसै गरी एकातिर मर्जरको कारणले बैंकहरुको पुँजी वृद्धि भएको छ भने अर्कोतिर पछिल्लो समयमा बैंकहरुमा तरलता पनि अधिक रहेको अनि बैंकहरुले लगानी गरेको लगानी पनि उठाउन सकिरहेका छैनन्, जसको कारणले बैंकहरुको निष्क्रिय कर्जा पनि बढेको देखिन्छ । अधिकांश बिग बैंकहरुको निष्क्रिय कर्जा बढेको छ भन्दा पनि फरक नपर्ला, जसका कारणले पनि शेयरधनीहरुले न्यून मात्रामा लाभांश पाउने गरेका छन् ।

बैंकहरुको यस्तो अवस्था भइरहँदा पनि केही बैंकले मर्जर एक्वायरको एजेन्डा ल्याउने गरेका छन् । चुक्ता पुँजी बढेका बैंकहरुले बढी नाफा गर्न सकिन्छ भन्ने भनाइलाई पछिल्लो समयमा बैंकहरुले नै गलत साबित गरिदिएका छन् । चुक्ता पुँजी बढी भएका बैंकहरुले पुँजी वृद्धिको अनुपातमा नाफा आर्जन गर्न असफल भएका छन् । यसको असर शेयरको भाउमा समेत परेको छ । त्यसो त बैंकहरु एक-आपसमा मर्जर एक्वायर गर्दा केही सीमित व्यक्तिहरु र कम्पनीलाई केही फाइदा भए पनि सर्वसाधारण लगानीकर्तालाई भने घाटा नै छ ।

मर्जरमा गएका अधिकांश बैंकहरुको बजारमा माग र आपूर्तिको सन्तुलन नमिल्दा शेयरको भाउ बढ्न सकिरहेको छैन । बजारमा मागभन्दा बढी आपूर्ति भएको बताउँछन् सरोकारवाला । त्यसै गरी पुँजी वृद्धिको अनुपातमा नाफा बढाउन नसक्दा प्रतिशेयर आम्दानी घटिरहेको छ भने निष्क्रिय कर्जा बढिरहेको छ भन्दा पनि फरक नपर्ला । विगतमा बैंक तथा वित्त कम्पनीहरुको संख्या बढी भयो भनेर नेपाल राष्ट्र बैंकले मर्जर गर्न दबाब दिएको नेपाल राष्ट्र बैंकको नीति नै गलत रहेको जानकारहरु बताउँछन् ।


विगतमा चाहिँ कमिसनको चक्करमा श्राद्धको प्रसाद बाँडेजस्तो गरी लाइसेन्स बाँड्ने अनि अहिले बैंक तथा वित्त कम्पनीहरुको संख्या बढी भयो भनेर मर्जर गर्न दबाब दिने । बैंक तथा वित्त कम्पनीहरुको मर्जरले सबभन्दा बढी मार वाणिज्य बैंकहरुका लगानीकर्ताहरुले भोग्नुपरिरहेको छ ।

बैंक तथा वित्त कम्पनीहरुको मर्जरको कारणले एकै बैंकको शेयरको थुप्रो नै भइसकेको छ शेयरधनीहरुसँग, जसका कारणले शेयरधनीहरुलाई नखाऊँ भने दिनभरको सिकार खाऊँ भने कान्छा बाउको अनुहारजस्तै भइरहेको छ । शेयर बिक्री गरौं भने घाटामा, नगरौं भने एकै बैंकको शेयरको थुप्रो ।

अन्त्यमा केही बैंक तथा वित्त कम्पनीहरुले केही प्रतिशत लाभांश दिने क्षमता भए पनि यस वर्ष नदिने, सञ्चित कोषमा राख्ने भनेर शेयरधनीहरुलाई लाभांश दिएनन् । तर अधिकांश शेयरधनीहरुको भनाइमा जुन वर्षको लाभांश हो त्यही वर्षमा जतिसुकै भए पनि शेयरधनीहरुलाई वितरण गर्नुपर्छ भन्ने गरेका छन् । त्यसै गरी वाणिज्य बैंकहरुले लाभांश दिंदा बोनस शेयर होइन, नगद लभांश दिनुपर्ने बताउँछन् सरोकारवालाहरु ।

एक त बिग मर्जरको कारणले वाणिज्य बैंकहरुको पुँजी आवश्यकताभन्दा बढी भइसकेको छ, जसले गर्दा शेयरधनीहरुलाई राम्रो लाभांश दिन सकिरहेका छैनन् भने बोनस शेयरहरु लाभांशको रुपमा दिंदा कम्पनीको पुँजी बढ्ने हुन्छ । पुँजी बढेको अनुपातमा नाफा बढाउन सकेन भने कम्पनीहरुलाई लाभांश दिन नै समस्या हने देखिन्छ । कम्पनीहरुले राम्रो नाफा आर्जन गर्न नसकेसम्म नगद लाभांश दिन नै उपयुक्त हुने देखिन्छ । त्यसो त नगद लाभांशभन्दा बोनस शेयर नै दिए राम्रो हुने कतिपय शेयरधनीहरुको भनाइ पनि रहेको छ ।

# राष्ट्रिय आविष्कार केन्द्रले गर्‍यो अस्पतालका ५०० उपकरणको मर्मत



**काठमाडौं–** काठमाडौं राष्ट्रिय आविष्कार केन्द्रले संघीय अस्पतालहरूमा बिग्रिएर थन्किएका ५०० उपकरणको मर्मत गरेका छन् । १७ वटै संघीय अस्पतालका बिग्रिएको उपकरणको मर्मत गर्ने राष्ट्रिय आविष्कार केन्द्रलाई दिइएको थियो ।

स्वास्थ्य तथा जनसख्या मन्त्री पौडेलले गत भदौ १८ गते १७ वटै संघीय अस्पतालका उपकरणको अध्ययन र मर्मत गर्न केन्द्रका प्रमुख महावीर पुनसँग सम्झौता गरेका थिए ।

सम्झौतापछि हालसम्म १० वटा संघीय अस्पतालमा ५०० उपकरणको मर्मत भएको हो ।

६६१ वटा उपकरणको मूल्यांकन गरिएकामा ५०० को मर्मत सम्पन्न भएको केन्द्रका इञ्जिनियर उमेश किराँतीले जानकारी दिए । किराँतीका अनुसार केन्द्रले २३ लाख २० हजार रुपैयाँमा ती सामग्री मर्मत सम्पन्न गरेको हो ।

आविष्कार केन्द्रले बनाउँदैछ वीर अस्पतालका बिग्रेका उपकरण बजार मूल्य २४ करोड ३० लाख लाग्ने उपकरण मर्मत गरिएको उनको भनाइ छ । सरकारको निकै न्यून खर्चमा ती उपकरणको मर्मत भएको किराँतीको दावी छ । बाँकी अस्पतालबाट पनि आग्रह आएमा उपकरण मर्मत गर्न हामी तयार रहेको उनले बताए ।

'केन्द्रले गरेको मर्मतमा सामान्य तार जोड्नेदेखि थप सामग्री मगाएर गरिएका जटिल मर्मत पनि छन्' उनले भने 'कतिपय अस्पतालमा तारसम्म मर्मत नगरेर राखिएका उपकरण पनि भेटियो । ती सबैको मर्मत भएको छ ।'

केन्द्रका प्रमुख महावीर पुनले हालसम्म ५०० उपकरण मर्मत भएको भन्दै यो सक्रियताका लागि स्वास्थ्य मन्त्री प्रदीप पौडेललाई धन्यवाद दिएका छन् ।

सामाजिक सञ्जाल पुनले लेखेका छन्, स्वास्थ्य मन्त्रीज्युको सक्रियतामा १७ वटा संघीय अस्पतालका उपकरण मर्मत सम्भार गरी दिने सम्झौता गरेको थियो ।

लाखौं पर्छ भनेर अस्पतालले उपकरण थन्क्यायो, आविष्कार केन्द्रले विना खर्च बनायो सोही सम्झौताअनुरुप अहिलेसम्म ५०० जति उपकरण मर्मत गरेको र करोडौं रुपैयाँ बचत भएको प्रगति रिपोर्ट छ । स्वास्थ्य मन्त्री पौडेलले केन्द्रलाई धन्यवाद दिँदै सहकार्य जारी रहने बताएका छन् ।

'संघीय अस्पतालको सेवा विस्तारमा महत्वपूर्ण यो सहयोगका लागि धेरै धन्यवाद महावीर दाइ' मन्त्री पौडेलले भनेका छन्, 'मर्मत भएका उपकरणका कारण पहिलेभन्दा धेरैले सहयोग पाउने वातावरण बनेको छ । स्वदेशी सीपको प्रयोग गरेर अस्पतालको सेवा सुधार गर्ने हाम्रो अभियानमा तपाईंसँगको साथ र सहकार्य निरन्तर रहनेछ ।'

# देश परिवर्तनको हुटहुटीले राजनीतिमा होमिए : प्रधानमन्त्री ओली

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा परिवर्तनको आवश्यकता महसुस गरेपछि आफू अध्ययन छोडेर राजनीतिमा लागेको बताएका छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद उप्रेतीको आत्मवृतान्त 'मेरा अतीतका कथाहरू' लोकार्पण गर्दै प्रधानमन्त्रीले देशमा परिवर्तन र जनताको सेवा गर्ने हुटहुटीले आफूलाई राजनीतिमा पुऱ्याएको बताए ।

मकालु प्रकाशनद्वारा प्रकाशित सो पुस्तक लोकार्पण गर्दै प्रधानमन्त्री ओलीले उप्रेतीको आत्मवृतान्त नयाँ पुस्तालाई जागरणका लागि उपयोगी हुने विश्वास व्यक्त गरे ।


साहित्यकार उप्रेती जस्तोसुकै परिस्थितिमा पनि देश र परिवर्तनप्रति खुलस्त रूपमा निष्ठापूर्ण रूपमा लागेका




व्यक्ति भएको भन्दै प्रधानमन्त्रीले उनी आफ्ना पुख्यौली थलोका छिमेकी र राजनीतिक जीवनका जेल सहयात्रीसमेत भएको चर्चा गरे ।

पुस्तकबारे प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँला, पूर्वसदस्यसचिव प्रा. जगतप्रसाद उपाध्याय, नेपाली शिक्षा परिषद्का अध्यक्ष रमा शर्मालगायतले समीक्षा गरेका थिए ।

# सुसेलीले गर्यो शिवरात्री र फागु विशेष वाचन कार्यक्रम



**काठमाडौं–** यही मिति २०८१ फागुन १७ गते शनिबार वरिष्ठ कवि कलानिधि दाहाल र सुसेली संरक्षक चन्द्रा न्यौपाने विशिष्ट अतिथि रहेको राष्ट्रिय सुसेली फाउन्डेसनको त्रिसट्ठीयौं कार्यक्रम मञ्चकि उपाध्यक्ष सुशीला ढकाल अधिकारीले स्वागत मन्तव्यबाट सुरु गरि सञ्चालन गर्नु भएको थियो ।

१५ जना कवि साहित्यकारहरूको उपस्थितिमा संचालित महाशिवरात्री र फागु विशेष कार्यक्रममा विशिष्ट अतिथि कलानिधी दाहालले आज उपस्थित सबै कवि साहित्यकारहरूले सुसेली मात्रै सिर्जना नगरी अन्य काव्य विधामा समेत कलम चलाउनु पर्छ भन्दै सुसेलीको प्रगतिको प्रसंसा गर्दै आफूले रचना गरेका १० वटा भगवान शिव सम्बन्धि सुसेली गाएर सुनाउनु भयो ।

यसैगरी अर्की विशिष्ट अतिथि चन्द्रा न्यौपानेले सुसेली फाउन्डेसनले गरेको वनभोज कार्यक्रमको समीक्षा गर्दै सुसेली परिवारलाई शुभकामना दिएर सुसेलीले यस किसिमका कार्यक्रमहरू गरेर उदाहरणीय सन्देश दिएको कुरा उल्लेख गर्दै आफूले रचना गरेका भगवान शिव र फागु सम्बन्धित सुसेलीहरू वाचन गर्नु भयो ।

अन्य सुसेली गायन/वाचनमा सहभागी अतिथि कवि सुसेलीकारहरूमा उत्तम विचार भेटवाल, सुरेशचन्द्र घिमिरे, लक्ष्मीप्रसाद मिश्र, कल्पना भट्टराई, कल्पना अधिकारी भट्टराई, विमला ढकाल, दामोदर ढकाल सुमित्रा श्रेष्ठ र रामशरण न्यौपानेले भगवान शिव र फागु सम्बन्धित सुसेली गाएर सुनाउनुभयो ।

अन्तमा सभापति दुर्गा अधिकारी भमरकोटेले सुसेलीको यो त्रिसट्ठीयौं कार्यक्रममा उपस्थित सहभागी र सहयोगी सबै कवि साहित्यकारहरूमा धन्यवाद ज्ञापन गर्नुका साथै शिवरात्री केही दिन अगाडि र फागु केही दिन पछि भएतापनि हाम्रो आस्थाका प्रतीक शिव र रंगहरूको पर्व फागु हरेक स्रष्टाले सम्झनुपर्ने महत्त्वपूर्ण दिनहरू भएका कारण सुसेलीले पनि बिर्सन नहुने कुरा बताउँदै आफ्ना शिव र फागुसंग सम्बन्धित सुसेली गायर सुनाउँदै आउँदो बैशाख महिनामा हुने सुसेलीको वार्षिकोत्सव विशेष महत्त्वको हुन लागेकोमा सबैले सहयोग गरि सफल बनाउन अनुरोध गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

# रामेछाप डायरी

## रामेछाप अस्पतालमा यहि फागुन २६ गते विशेषज्ञ चिकित्सकले सेवा दिंदै

रामेछाप अस्पताल रामेछापमा हरेक महिनाको १ दिन विशेषज्ञ चिकित्सकले सेवा दिइरहेका छन । अस्पतालमा विशेषज्ञ/विशिष्टिकृत सेवा विस्तार गर्न हरेक महिनाको १ दिन विशेषज्ञ चिकित्सक सहितको ओ.पि.डी सेवा संचालन भइरहेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. केशव श्रेष्ठले बताउनुभयो ।

यहि फागुन २६ गते सोमबार मुटु रोग विशेषज्ञ, स्त्री रोग विशेषज्ञ, नाक कान तथा घाँटी रोग विशेषज्ञले सेवा दिनेछन ।

विर अस्पतालमा कार्यरत मुटु रोग विशेषज्ञ, नेपाल मेडिकल कलेज जोरपाटीमा कार्यरत स्त्री रोग विशेषज्ञ डा. रश्मी वास्ताकोटी र नेपाल मेडिकल कलेज जोरपाटीमा कार्यरत नाक कान तथा घाँटी रोग विशेषज्ञ डा. सुमेध मिश्रले बिरामीलाइ सेवा दिनुहुनेछ ।




बिहान ८ बजेदेखि १२ बजेसम्म बिरामीले नाम दर्ता गर्न सक्नेछन् । बिहान ११ बजेदेखि बिरामी चेकजाँच सुरु हुने अस्पतालले जनाएको छ । स्वास्थ्य बिमा गर्नुभएको सेवाग्राहीलाइ अनिवार्य बिमा कार्ड लिएर आउन पनि अस्पताल प्रशासनले आग्रह गरेको छ ।

## अन्तराष्ट्रिय महिला दिवस : वक्तृत्वकला प्रतियोगितामा राशी कार्की प्रथम



रामेछापको रामेछाप नगरपालिका वडा नं ७ मा ११५ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता कार्यक्रम आयोजना गरिएको छ । शनिबार ' महिला सशक्तीकरण आजको आवश्कता' भन्ने शिर्षकमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको हो । उक्त प्रतियोगितामा राशी कार्की( सिता) प्रथम हुनभएको हो ।

प्रतियोगितामा कल्याणी श्रेष्ठ द्वितिय र हिरा तामाङ तृतिय हुनुभएको हो । प्रतियोगितामा १० जना महिलाहरुले भाग लिएका थिए । प्रथम, द्वितीय र तृतीय भएकाहरुलाई कार्यक्रमका प्रमुख अतिथी एवं रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्की र विशेष अतिथी एवं वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले पुरस्कार वितरण गर्नुभयो । सकृय सुकाजोर महिला सन्जालको आयोजना र वडा कार्यालयको सहयोगमा भएको कार्यक्रममा नृत्य, गित तथा कविता वाचन कार्यक्रमम समेत भएको थियो ।

# नागरिकका आक्रोशको आगोमा रोटी से क्नेहरू छन् : गगन थापा

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले नागरिकको असन्तुष्टिको आक्रोशलाई आगोलाई प्रयोग गरेर एकथरी रोटी सेक्न चाहेको बताएका छन् ।

राजावादीहरूको प्रदर्शनलाई लक्षित गर्दै महामन्त्री थापाले आक्रोशको आगो निभाउने दायित्व कांग्रेसको रहेको बताए ।

सुदूरपश्चिम कांग्रेसको पहिलो सम्मेलनलाई सम्बोधन गर्ने क्रममा महामन्त्री थापाले नागरिकमा असन्तुष्टि रहे पनि निराशा भने नरहेको बताए ।

'जसले २०६० सालमा माओवादीले लखेट्दा पनि हामीलाई साथ दिए । जसले राजाले अधिकार खोसेको बेलामा पनि हामीलाई साथ दिए । पहिलो संविधान सभा असफल भएको बेलामा पनि साथ दिए । ती नागरिकहरूमा आज असन्तुष्टि देखिएको छ, ' उनले भने ।



उनीहरूले व्यवस्था बदल्छु भनेर कांग्रेसलाई साथ दिँदै आएको उनको भनाइ थियो ।

नागरिकहरूले उठाएका प्रश्नबारे थापाले भने, 'तिमिले व्यवस्था बदलेपछि मेरो अवस्था बदलिन्छ भनेर भन्यौं । तिमिले भनेको जस्तो मेरो अवस्था बदलिएको छैन ।'

लोकतान्त्रिक गणतन्त्रको विकल्प खोज्न नहुने थापाको भनाइ छ ।

# सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न छुट्टै ऐन आवश्यक छ प्रचण्ड

**काठमाडौं–** नेकपा. माओवादी. केन्द्र का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सुनचाँदी व्यवसायलाई व्यवस्थित छुट्टै ऐन आवश्यक रहेको बताएका छन् ।

कैलालीमा नेपाल सुनचाँदी व्यवसायी महासंघको १२ औं स्थापना दिवसमा मंगलबार आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले भने, 'मैले प्रधानमन्त्रीको

रुपमा यो व्यवसायलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर छलफल चलाउन सुरू गरेको थिएँ, छुट्टै ऐनबिना यति ठूलो व्यवसायलाई व्यवस्थित गर्न सकिदैंन । यसबारेमा धेरै पहिलेदेखि देशभरिका व्यवसायले आवाज उठाउँदै आउनुभएको छ, यो माग जायज छ ।'

काठमाडौंमा मात्रै केन्द्रित रहेको सुनचाँदीको थोक कारोबार कम्तीमा प्रदेश राजधानीसम्म गरिनुपर्छ भन्ने व्यवसायीको माग जाजय रहेको र यो संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरुप हुने उल्लेख गर्दै यसका लागि पहल अघि बढाउने प्रतिबद्धता



पनि उनले व्यक्त गरेको सचिवालयले जनाएको छ ।

यसमा मदिराजस्तो विलासिता कर लगाउने कानुनी व्यवस्था सही नभएकाले यसलाई हटाउन कानुन नै आवश्यक रहेको उनको भनाइ छ ।

आफू प्रधानमन्त्री भएको बेलामा सुनचाँदीको परम्परागत व्यवसायलाई प्रवर्धन गर्न नीति तथा कार्यक्रम र बजेटमा पनि समावेश गरिएको जानकारी गराउँदै यसको कार्यान्वयनका लागि व्यवसायीले आवाज उठाउन आवश्यक रहेको उनले बताए ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २९, २०८१ साल फागुन् २७ गते मंगलबार (MAR 11, 2025)

# २८४६ अंकमा झर्‍यो सेयर बजार, घटे सबै सेक्टर




**काठमाडौं–** मंगलबार सेयर बजार ३०.३६ अंक घटेको छ । सो गिरावटपछि नेप्से २८४६ अंकमा कायम भएको छ । बजारको अंकसँगै कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन १४ अर्ब २८ करोडको कारोबार भएकोमा आज १२ अर्ब ९४ करोडको भयो ।

४१ कम्पनीको मूल्य बढ्दा १९८ को घट्यो भने ५ स्थिर रह्यो । सबै सेक्टरका सूचक घटेका छन् । बैंकिङ १ ।०५, विकास बैंक ० ।३९, फाइनान्स २ ।१०, होटल तथा पर्यटन ०.९७, हाइड्रोपावर १.०८, लगानी १.७५, जीवन बीमा ०.६९, उत्पादन २.२१, माइक्रोफाइनान्स १.४१, निर्जीवन बीमा १.११, अन्य ०.०६ तथा व्यापार समूह ०.८४ प्रतिशत घटे ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्सको मूल्य १० प्रतिशत बढ्यो । त्यस्तै आत्मनिर्भर लघुवित्तको ६.६६, युनिभर्सल पावरको ५.७४, बरुण हाइड्रोपावरको ५.६०, शिवश्री हाइड्रोपावरको ५.३० प्रतिशत मूल्य बढ्यो ।

सिन्धु विकास बैंकको मूल्य १० प्रतिशत घट्यो । सिर्जनशील लघुवित्तको ९, नेपाल रिपब्लिक मिडियाको ७.४ तथा समाज लघुवित्तको ५.८७ प्रतिशत मूल्य घट्यो ।

# रोजगारी सिर्जनाको 'रियल एक्टर' निजी क्षेत्र

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले औद्योगिक विकास र स्वदेश मै रोजगारी सिर्जनाको लागि औद्योगिक वातावरण निर्माण पहिलो प्राथामिकता हुनु पर्ने बताएका छन् ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ तथा अन्य विभिन्न संघ संस्थाहरुको सहआयोजना एवं सहयोगमा काठमाडौंमा सुरु भएको ५औं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन उद्घाटनका अवसरमा उनले रोजगारी सिर्जना र लगानीकर्ताहरुलाई आकर्षित गर्न राजनीतिक र नीतिगत स्थिरता आवश्यक रहेका बताएका हुन् ।

त्यसक्रममा ढकालले नेपालमा श्रम शक्तिको उपयोग गर्नका लागि सिर्जनात्मक रोजगारी बढाउने क्षेत्रको पहिचान तथा प्रवर्धन र वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान र पुँजीको यथोचित प्रयोग गर्नु पर्नेमा जोड दिएका थिए ।

'एकातर्फ नेपाली श्रमशक्तिले नेपालमै रोजगारीका पर्याप्त अवसरहरु पाइरहेका छैनन् भने अर्कोतर्फ नेपाली रोजगारदाताले आफुले खोजेजस्तो सीपयुक्त जनशक्ति प्राप्त गर्न सकिरहेका छैनन् । अर्कोतर्फ नेपाली जनशक्ति श्रम बजारको खोजीमा बाध्यतात्मक रुपले वैदेशिक रोजगारमा जानु पर्ने अवस्था विद्यमान छ, ' उनले भने, 'यो अवस्थामा रोजगारीको माग, आपूर्ति, सीप विकास तथा रोजगार सम्बन्ध समेतमा देखिएको अन्तरलाई विश्लेषण गर्दै श्रम तथा रोजगारका नयाँ अवसर खोज्न सक्नु पर्दछ । त्यसको लागि क्षेत्रलाई लगानीका लागि वातावरण सिर्जना गरिदिनु पर्छ ।'

उनले रोजगारी सिर्जनाको 'रियल एक्टर' निजी क्षेत्र भएको उल्लेख गर्दै औद्योगिक वातावरण सिर्जना गर्ने नीति नियम बनाउँदा 'र', 'तर', 'कमा' र 'वा' को नाममा असहज परिस्थिति बन्न नहेनमा जोड दिए ।

नेपालको कूल रोजगारीको ८६ प्रतिशत बढि





रोजगारी निजी क्षेत्रले सिर्जना गरेको जानकारी दिँदै उनले निजी क्षेत्रले कुनै उद्योग व्यवसायमा लगानी गर्दा त्यसबाट उसले मात्र फाइदा नलिई सरकार तथा स्थानीय बासिन्दालाई समेत फाइदा पुग्ने हुनाले विकास निर्माण, पूर्वाधार विकासमा सरकार, राजनीतिक दल तथा निजी क्षेत्रको एउटै धारणा बन्नु पर्ने बताएका थिए ।

नेपाल सरकारले आगामी १० वर्षलाई आन्तरिक रोजगार प्रवर्धन दशकको घोषणा गरेको सन्दर्भमा उत्पादन र उत्पादकत्व विस्तार तथा आन्तरिक रोजगारीको आधार खोज्न सरकार र निजी क्षेत्र बिच सहकार्य आवश्यक रहेको समेत अध्यक्ष ढकालले बताएका थिए । यस्तै, उहाँले औद्योगिक वातावरण निर्माणका लागि रोजगारदाता र ट्रेड युनियन संगठनका बीच सुमधुर औद्योगिक सम्बन्ध आवश्यक रहेको उल्लेख गर्दै महासंघले रोजगारदाता र श्रमिकहरुका बिचमा सुमधुर सम्बन्ध राख्ने गरी कार्य गरिरहेको जानकारी दिए ।

उनले महासंघको पहलमा सरकारले विभिन्न कानूनहरु संशोधन गरि संसदबाट हालै पारित गर्नु सकारात्मक भएको बताउँदै अब छिट्टै नियमावली तथा कार्यविधि ल्याउन सरकारसँग आग्रह पनि गरेका थिए ।

# प्रभाकर शम्शेरको स्मृतिमा 'भिजन एण्ड लिगेसी'




**काठमाडौं–** नेपाल-भारत उद्योग वाणिज्य संघले संस्थापक अध्यक्ष स्वर्गीय प्रभाकर एसजेबी राणाको स्मरण तथा सम्मानमा 'प्रथम प्रभाकर एसजेबी राणा मेमोरियल लेक्चर : लिडरशीप, भिजन एण्ड लेगेसी' कार्यक्रम गरेको छ । कार्यक्रममा बाह्य लगानीकर्तालाई नेपाल बुझ्न सहज हुने उद्योग व्यापारको क्षेत्रका सम्भाव्यता सम्बन्धी पुस्तक पनि 'बिजनेस क्लाइमेट सर्भे-२०२४' सार्वजनिक गरेको छ ।

संघले आफ्नो स्थापनाको ३० वर्ष पुगेको अवसर पारेर आइतबार काठमाडौंमा राणाको सम्झनासँगै सम्मान व्यक्त गरेको हो । कार्यक्रममा संघका अध्यक्ष सुनिल केसीले स्वर्गीय राणाले मुलुकमा निजी क्षेत्रबाट इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेर स्वच्छ र स्वस्थ रुपमा पनि उद्यम गर्न सम्भव रहेको मान्यता स्थापित गरेर देखाएको बताए । निष्ठापूर्वक गरेको व्यापार व्यवसायले कालान्तरसम्म सफल रुपमा राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ भन्ने उदाहरण प्रस्तुत गरेकाले उक्त प्रयासको सम्मानमा लेक्चर कार्यक्रमको आयोजना गरेको उनले उल्लेख गरे ।

कार्यक्रममा औद्योगिक विकासमा विदेशी लगानी ल्याएर सफल व्यवस्थापन गर्न सकिन्छ भन्ने राणाले देखाएको स्मरण वक्ताहरुले गरे । राणाको अगुवाइमा भारतीय कम्पनी आईटीसीलाई नेपालमा ल्याएको, भारतसँगको व्यापार साझेदारीलाई गति दिन आवश्यक रहेको मनन गरि विभिन्न व्यावसायिक प्रतिष्ठानहरु खोलेर रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने अर्को मान्यता पनि स्थापित गरेको पनि चर्चा गरियो । जसको ज्वलन्त उदाहरणका रुपमा सूर्य नेपाल प्रालि, भोटेकोशी हाइड्रोपावर कम्पनी, सिप्रदी ट्रेडिङ प्रालि लगायत अन्य थुप्रै कम्पनीहरु तथा विभिन्न संस्थाहरु रहेको अध्यक्ष केसीले बताए ।

संघकी निवर्तमान अध्यक्ष श्रीमती सिर्जना राणाले स्वर्गीय राणा मुलुकको अग्रणी तथा दूरदर्शी व्यवसायी भएको उल्लेख गर्दै पर्यटनको विकासका लागि पनि ठूलो योगदान गरेको बताइन । पर्यटनको विकास र प्रवर्धनका निम्ति होटल तथा ट्राभल क्षेत्रलाई एकजुट बनाउँदै होटल एसोसिएसन नेपाल तथा पाटा नेपाल च्याप्टरको स्थापना गरेको उनले स्मरण गरिन् ।

भारतीय दूतावासका डेपुटी चीफ अफ मिसन प्रसन्न श्रीवास्तवले नेपाल-भारत उद्योग वाणिज्यको बढोतरी गर्न नेपाल-भारत उद्योग वाणिज्य संघले निर्वाह गरेको भूमिका सराहनीय रहेको बताए । लामो समयदेखि अघि बढ्न नसकिरहेको नेपाल-भारत द्विपक्षीय वाणिज्य सचिवस्तरीय समितिको बैठक हालै सम्पन्न भएको उल्लेख गर्दै उनले दुई देशमा रहेका नागरिकले आआफ्नो देशमा भुक्तानी पठाउन एसबिआई बैंकमार्फत युनोकार्ड र रुपे एपमार्फत सहज रुपमा भुक्तानी गर्ने व्यवस्था हुनु ठूलो उपलब्धि रहेको बताए ।

यसले द्विपक्षीय सम्बन्ध » बाकी ६ पृष्ठमा

# ग्लोबल आइएमई बैंकले ह्याकाथन आयोजना गर्ने

**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडले पहिलो पटक आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) र मेसिन लर्निङ (एमएल) सम्बन्धी "ग्लोबल आइएमई एआई एमएल ह्याकाथन" आयोजना गर्ने भएको छ ।

बैंकले प्रविधिमा रुची राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, डेटा वैज्ञानिक तथा अनुसन्धानकर्ताहरुलाई लक्षित गर्दै सम्भावित नविनतम् प्रविधिमा आधारित बैंकिङ सेवाहरु विकासका लागि यो प्रतियोगिता संचालन गर्न लागेको हो ।

यसका साथै यस ह्याकाथनले डिजिटल बैंकिङमा आउने सम्भावित सेवाहरु र यसको चुनौतिहरुको समाधान खोज्न समेत सहयोग पुग्नेछ । प्रतियोगितामा सहभागि प्रतिस्पर्धीहरुले बैंकले तोकेका विभिन्न विषयहरुमा केन्द्रित रही आफ्ना धारणाहरु प्रस्तुत गर्नुपर्नेछ । उत्कृष्ट टोलीलाई नगद पुरस्कारका साथै बैंकसँग सहकार्य गर्ने अवसर समेत प्रदान गरिनेछ ।

ग्लोबल आइएमई बैंक प्रविधि अनुकूल वित्तीय सेवाहरु प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको छ । डिजिटल बैंकिङ सेवाहरुलाई थप प्रभावकारी बनाउन नविनतम् धारणाहरुलाई प्रोत्साहित गर्न यस ह्याकाथनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास बैंकले लिएको छ ।

प्रतियोगितामा सहभागिता हुन इच्छुकहरुले बैंकको वेवसाइट मार्फत दर्ता गर्नुपर्ने छ । यस ह्याकाथन प्रतियोगिता दुई चरणमा हुनेछ । जसअन्तर्गत पहिलो चरणमा अनलाइन पेपर प्रस्तुती र दोस्रो चरणमा अनसाइट ह्याकाथन हुनेछ ।

पहिलो चरणको लागि प्रतियोगिहरुले अप्रिल ४, २०२५ सम्ममा अनलाइन पेपर प्रस्तुती गर्नुपर्ने छ । साथै, दोस्रो चरणअन्तर्गत मे १, २०२५ मा अनसाइट ह्याकाथन हुनेछ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।




ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १, १०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नबिल बैंकको वाकाथन

**काठमाडौं–** नबिल बैंक लिमिटेडले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा वाकाथन आयोजना गरेको छ ।

'वुमन इन मोसन-एक्सलेरेट एक्सन' शीर्षकमा महिलाको सहनशीलता, उपलब्धि र योगदानको उत्सव मनाउने उद्देश्यले वाकाथन आयोजना गरिएको बैंकले जनाएको छ ।




बैंकको केन्द्रीय कार्यालयमा वाकाथनको सुरुआत गर्दै बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले दिवसको अवसरमा महिलाहरुलाई शुभकामना दिँदै बैंकले महिलाहरुलाई प्राथमिकता दिएको बताए ।

उनले बैंकका विभिन्न विभागमा महिलाहरुले नेतृत्व गरिरहेको उल्लेख गर्दै बैंकको विकासमा महिलाहरुको भूमिका महत्वपूर्ण रहेको बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले बैंकले आज मात्रै नभई मार्च महिनाभरी नै विभिन्न कार्यक्रम गरी महिला दिवस मनाउन गइरहेको जानकारी दिए । "महिलाहरु पनि नेतृत्वका लागि अगाडि आउन जरुरी छ, त्यसका लागि बैंक विभिन्न क्षेत्रमा अवसरहरु उपलब्ध गराउनका लागि सदैव तयार छ", उनले भने ।

बैंकका अनुसार दिवसका अवसरमा विभिन्न १२ स्थानबाट एकैसाथ वाकाथन सुरु गरिएको थियो । काठमाडौं, विराटनगर, बिर्तामोड, जनकपुर, विरगन्ज, पोखरा, नेपालगन्ज, तुलसीपुर, सुर्खेत, धनगढी, बुटवल र नारायणगढमा भएको वाकाथनमा बैंकमा कार्यरत १२ सयभन्दा बढी कर्मचारीहरुको सहभागिता थियो ।

उक्त कार्यक्रमले लैंगिक समानताका पक्षमा सन्देश प्रवाह गर्दै समावेशी समाज निर्माणका लागि सकारात्मक परिवर्तन ल्याउनेमा बैंकले विश्वास व्यक्त गरेको छ ।

पुरुषहरुको सहभागितासँगै हिँड्नु मात्रै नभई समाजमा व्याप्त पुरानो सोच र विभेदको अन्त्यका लागि पनि जरुरी रहेको वाकाथनमा सहभागीहरुले बताए ।

नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंकहरूमध्ये एक हो । बैंकले २४ लाख भन्दा बढी सेवाग्राहीलाई २६८ शाखा र ३२० एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ ।

नबिल बैंकले ४० वर्ष देखि नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाहरूको सुरुवात गर्दै महत्वपूर्ण भूमिका खेलेको छ । बैंकले नेपालको बैंकिङ विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

# बैंकले ७ महिनामा गरे २.८३ खर्ब ऋण लगानी

**काठमाडौं–** बैंक तथा वित्तीय संस्थाले चालु वर्ष ७ महिनामा २ खर्ब ८३ अर्ब ४६ करोड रुपैयाँ कर्जा लगानी गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा जाने कर्जा ५.६ प्रतिशतले बढेको हो ।

पोहोर ७ महिनामा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लगानी ४.१ प्रतिशतले वृद्धि भएको थियो । पहिलो ७ महिनामा १ खर्ब ९७ अर्ब २१ करोड रुपैयाँ कर्जा प्रवाह भएको थियो ।

वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.३ प्रतिशतले बढेको छ ।

निजी क्षेत्रतर्फ वाणिज्य बैंकहरुको कर्जा ५.९, विकास बैंकहरुको ३.१ र वित्त कम्पनीहरुको कर्जा प्रवाह ५.२ प्रतिशतले बढेको छ ।

बैंक तथा वित्तीय संस्थाको लगानीमध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) को सुरक्षणमा १४.४ प्रतिशत र घरजग्गा धितो सुरक्षणमा ६५.१ प्रतिशत ऋण दिइएको हो ।

औद्योगिक उत्पादनतर्फ ९.५, निर्माणमा ९, यातायात, संचार तथा सार्वजनिक सेवामा ६.७, सेवा उद्योगमा ७, उपभोग्यतर्फ ५.९ र थोक तथा खुद्रा व्यापार क्षेत्रमा ४.४ प्रतिशतले कर्जा बढेको छ ।

आवधिक कर्जा ३.६, सेयर धितो कर्जा २७.८, आयात कर्जा ६९.५, हायर पर्चेज कर्जा ४.५, नगद प्रवाह कर्जा ३.७ र रियल इस्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ३.२ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

चालु पुँजी कर्जा भने १२.४ प्रतिशतले घटेको छ ।



# खेलकुद

## इन्डो-नेपाल टी-२० क्रिकेटः आयोजक सेमिफाइनलमा



**झापा–** इण्डो-नेपाल टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा आयोजक बाहुनडाँगी युवा क्लब ४ विकेटले विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेको छ ।

मेचीनगर-४ बाहुनडाँगीस्थित सरस्वती माविको खेल मैदानमा जारी प्रतियोगितामा बुधबार आदर्श युवा क्लब बुधबारेलाई ४ विकेटले पराजित आयोजकले अन्तिम चारको यात्रा तय गरेको हो ।

टस जितेर पहिला ब्याटिङ गरेको बुधबारेले १६ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ७२ रनको झिनो योगफल बनायो । बुधबारेका लागि रिजन लिम्बू र अर्पन कार्कीले समान २१/२१ रन बनाए । अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन सकेनन् ।

बलिङतर्फ बाहुनडाँगीका सन्तोष प्रधान र नाजिर हुसेनले समान ३/३ तथा अभिषेक दाहाल र रमन कार्कीले २/२ विकेट हात पारे । ७३ रनको लक्ष्य पछ्याउँने क्रममा बाहुनडाँगीले १६ दशमलव २ ओभरमा ६ विकेटको क्षतिमा जित लक्ष्य पूरा गर्‍यो ।

बाहुनडाँगीका रोमन कार्कीले ३८ बलमा ५ चौकाको मद्दतमा २८ रन बनाए भने गणेश पौडेलले ७ बलमा १६ रन जोडे । बुधबारेका बलरमध्ये रिजन लिम्बूले सर्वाधिक २ विकेट लिए भने टेकेन्द्र कार्की, अर्जुन बराइली, मन्दिप खरेल र मिरोज सिटौलाले १/१ विकेट हात पारे । विजेता टोलीका रोमन कार्की उत्कृष्ट खेलाडी भए ।

## विराट गोल्डकप : आर्मीलाई रोक्दै थ्रीस्टार फाइनलमा

**विराटनगर–** थ्रीस्टार क्लब विराटनगरमा जारी ९औं संस्करणको विराट गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । आइतबार सहिद रंगशालामा सम्पन्न पहिलो सेमिफाइनलमा बलियो प्रतिद्वन्द्वी त्रिभुवन आर्मी क्लबलाई ३-२ ले पराजित गर्दै थ्रीस्टार उपाधि नजिक पुगेको हो ।



थ्रीस्टारका लागि प्रशान्त लिम्बू, दिपेश घले र नवीन लामाले १/१ गोल गरे । खेल सुरु भएको पहिलो मिनेटमै दिपेश घलेको क्रसलाई प्रशान्तले चलाखीपूर्ण ढंगले गोलमा परिणत गर्दै टिमलाई अग्रता दिलाए ।

दोस्रो गोल खेलको २८औं मिनेटमा आशिष चापागाईंको पासलाई दिपेश घलेले आकर्षक गोलमा परिणत गर्दै अग्रता दोब्बर बनाए । नवीन लामाले खेलको ८१औं मिनेटमा गोल गर्दै थ्रीस्टारको जित सुनिश्चित गरे ।

आर्मीका लागि कप्तान नवयुग श्रेष्ठ र निरज चौधरीले समान १/१ गोल फर्काए । नवयुगले खेलको ८३औं मिनेटमा गोल गरेका थिए भने अतिरिक्त समयमा डिबक्स भित्र आर्मीका निसान्त राईलाई फाउल गरेपछि रेफ्री श्याम दनुवारले दिएको पेनाल्टीमा निरज चौधरीले गोलमा रुपान्तरण गरे ।

पहिलो हाफमा २-० को गोल अन्तर भएपछि आर्मी दबाबमा परेको थियो । खेल बराबरीमा ल्याउने प्रयास गरे पनि अन्तिमसम्म उसको प्रयत्न विफल भयो । दोस्रो हाफमा आक्रमक खेल प्रस्तुत गरे पनि आर्मीले पाएका अवसरहरू सदुपयोग गर्न सकेन । खेल अवधिभर आर्मीका दर्जन प्रहार असफल भए । कप्तान नवयुग श्रेष्ठका आधा दर्जन प्रहार थ्रीस्टारका डिफेन्डर र गोलकिपरले निस्तेज पारे ।

खेलको २२औं मिनेटमा आर्मीका फत्तेमान घलेको प्रहार बारमाथिबाट बाहिरियो । २८औं मिनेटमा नवयुग श्रेष्ठको कडा प्रहारलाई थ्रीस्टारका गोलरक्षक विवेक मगरले रोकिदिए । ५६औं मिनेटमा निरज चौधरीको क्रस पासमा नवयुगले गोल गर्न सकेनन् । ७०औं मिनेटमा निरजले डिबक्स भित्रबाट नवयुगलाई दिएको पासलाई पनि सदुपयोग गर्न सकेनन् ।

प्रतियोगिताको ’प्लेयर अफ द म्याच’ थ्रीस्टारका प्रशान्त लक्सम लिम्बू भए । उनले नगद ११ हजार रुपैयाँ पाए ।

# सोचे जस्तै बन्दैछ लुम्बिनीको सिंहदरबार



**काठमाडौं–** लुम्बिनी प्रदेश सरकारले दाङको राप्ती गाउँपालिका लालमटियामा अत्याधुनिक सुविधासहित प्रशासनिक केन्द्रका लागि भवनहरू निर्माण गरिरहेको छ ।

२०७९ मंसिर २८ गते ठेक्का सम्झौता गरी सोही वर्ष फागुन ३ गते लुम्बिनी प्रदेश सरकार स्थापना दिवसको अवसर पारेर तत्कालीन मुख्यमन्त्री लीला गिरीले प्रशासनिक केन्द्रको शिलान्यास गरेका थिए ।

तीन वर्षमा सक्ने गरी निर्माण काम सुरू गरिएकोमा दुई वर्ष पूरा भएको छ । यस अवधिमा भवन निर्माणको ७२ प्रतिशत काम पूरा भएको छ ।

प्रदेश राजधानी कार्यान्वयन एकाइका अनुसार निर्माण कम्पनी शर्मा सगुन जेभी, काठमाडौं ले २०८२ सालभित्रै अहिले निर्माणाधीन सबै संरचना पूरा गर्नुपर्ने सम्झौता छ ।

कुल १७ बिघा १९ कट्ठा ४ धुर क्षेत्रफलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित १० वटा प्रशासनिक भवन निर्माणको काम अहिले धमाधम भइरहेको छ ।

झट्ट हेर्दा सिंहदरबारको झल्को दिने गरी निर्माण भइरहेका भवनहरू आकर्षक देखिन थालेका छन् । धेरैले यसलाई लुम्बिनीको सिंहदरबारु भन्न थालेका छन् ।

प्रदेश राजधानी कार्यान्वयन एकाइका इन्जिनियर प्रदीप भट्टराईका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र ९ वटा मन्त्रालयका लागि भवन

बनिरहेका छन् । भवनहरू मण्डल आकारको डिजाइनमा बनेका छन् । बीचमा कलात्मक डिजाइनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको भवन बनाइएको छ ।

मन्त्रालयका भवनहरू पुरानो वास्तुकलामा आधारित छन् । माथिल्लो छाना पनि कलात्मक र वास्तुकलामा आधारित छ । भवन अगाडि बनाइएका पिलरको डिजाइनले पनि सिंहदरबारकै झल्को दिन्छ ।

अहिले ८ वटा भवनको फिनिसिङ र दुइटामा प्लास्टरको काम भइरहेको इन्जिनियर भट्टराईले जानकारी दिए ।

दस वटै भवनको संरचना निर्माण पूरा भएको छ । चार वटामा लिफ्ट समेत जडान भइरहेको छ । उनले भने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भवन अन्डरग्राउन्ड पार्किङ सहित ६ तलाको हुनेछ । मुख्यमन्त्री, प्रमुख सचिव कार्यकक्ष, मिटिङ हल र बहुप्रयोजनको हलसहित ९६ वटा कोठा रहने छन् । सो भवनमा दुइटा लिफ्ट हुने छन् ।

अन्य मन्त्रालयका नौ वटा भवन भने ५-५ तलाका हुने छन् । हरेक भवनमा अन्डरग्राउन्ड पार्किङ सहित लिफ्ट हुने छ ।

एउटै डिजाइनमा बनिरहे पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सेतो रङ र अरू नौ वटामा रातो र सेतो रङ लगाइने छ । अहिले दैनिक साढे दुई सय जना हाराहारी मानिस काममा खटिइरहेका छन् ।

अहिले यहाँको काममा जुन प्रगति र गति छ, त्यो कायम रहिरहे निर्धारित समयभन्दा एक महिना मात्र भए पनि अगाडि नै काम सकिन्छ भन्नेमा ढुक्क छौं इन्जिनियर भट्टराईले बताए ।

प्रदेश राजधानी भएकाले भवनहरू कलात्मक र आकर्षक बनाउन लागिएको उनले बताए । तर फिनिसिङका कतिपय सामान बाहिरबाट

ल्याउनुपर्ने छ । भन्सारबाट सामान ल्याउन कुनै ढिलाइ नभए, सम्झौता अवधिभन्दा पहिल्यै काम सकिनेमा उनी विश्वस्त छन् ।

निर्माण कम्पनीले ३ अर्ब ९ करोड २ ९ लाख ३८ रूपैयाँ ७२ पैसामा यो ठेक्का सम्झौता गरेको हो । सोही रकममा प्रशासनिक केन्द्रहरूमा पुग्ने नाली र

फुटपाथसहित ११ सय मिटर आन्तरिक सडक सञ्जाल र बगैंचा बनाउने काम पनि समेटिएको छ ।

भवन निर्माणको काम सँगै भित्री सडकको काम पनि अगाडि बढिरहेको इन्जिनियर भट्टराईले जानकारी दिए ।

आन्तरिक सडक निर्माणको काम पनि रफ्तारमा भइरहेको छ । चैत मसान्तसम्म कालोपत्रे गर्न तयार हुने छ । उनले भने ।

२०७७ असोज २० गते तत्कालीन प्रदेश सभाबाट राप्ती उपत्यका देउखुरीलाई प्रदेशको राजधानी घोषणा गरिएको थियो ।

बुटवलबाट देउखुरीमा प्रदेश राजधानी सार्दा ठूलो बजेट खर्च गरी अस्थायी संरचनामै बसेको आरोप लागेको थियो ।

त्यसपछि प्रदेश सरकारले प्रशासनिक भवन निर्माणको कामलाई प्रदेश गौरवको आयोजनाका रुपमा अगाडि बढाएको थियो ।

मुख्यमन्त्री चेतनारायण आचार्यले एउटै कम्पाउन्डभित्र प्रदेश सभा र प्रशासनिक केन्द्र भएपछि सेवा प्रवाहमा पनि सहजता र एकरूपता आउने बताए ।

अहिले मन्त्रालय, विभाग निर्देशनालयहरू अलग अलग हुँदा सेवा लिने र दिने दुवैलाई असजिलो भएको छ । एकै ठाउँबाट प्रशासनिक काम सुरू

भएपछि सेवा लिने र दिने सबैलाई सजिलो हुन्छ । प्रदेशको कार्यसम्पादनले नयाँ गति पनि पाउने छ मुख्यमन्त्री आचार्यले भने ।

# पोखरामा कोटीहोम सञ्चालक र महानगर प्रहरीबीच झडप

**काठमाडौं–** पोखरा महानगरपालिकाले कोटीहोम रोक्न खोजेपछि झडप भएको छ । मानव सेवा फाउन्डेसन, नेपालले पोखराको लेकसाइडमा कोटीहोम सञ्चालन गर्न महानगरले अनुमति दिएको छैन ।

शुक्रबार अनुमतिबिना भूमिपुजन गर्न खोजेको भन्दै महानगर प्रहरीले रोक्न खोजेको थियो

सो क्रममा कोटीहोम सञ्चालक र महानगर प्रहरीबीच झडप भएको जिल्ला प्रहरी कार्यालय, कास्कीका



डीएसपी वसन्तकुमार शर्माले जानकारी दिए ।

‘कोटीहोमवाला गर्ने भन्ने नगरपालिका अनुमति नदिएर गर्न नदिने भन्ने विषयमा विवाद हुँदा नगर प्रहरीसँग झडप भएको हो,’ शर्माले भने

नेपाल ट्रस्टले कोटी होमका लागि उपलब्ध गराएको भनिएको लेकसाइड स्थित जग्गा सहरको अति व्यस्त स्थान, विश्व रामसार सूचीमा सूचीकृत फेवातालको किनार र कोटीहोमले भिडभाड बढ्न गई पर्यटकीय गतिविधिमा असर पर्ने हुनाले सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी महानगरपालिकाले सो अनुमति तत्काल रद्द गर्न ट्रस्टलाई पत्र पठाउने निर्णय यसअघि गरेको थियो ।

# सवैभन्दा बढी अधिकार स्थानीय सरकारलाई छः भुमि समस्या सावधान आयोग अध्यक्ष



**रामेछाप–** भुमि समस्या सावधान आयोग रामेछापद्धारा आयोजित भुमि समस्या सावधान अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम मन्थलीस्थित मन्थली नगरपालिकाको हलमा यहि मितिः २०८१ साल फागनु २५ गते भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा आएका केन्द्रीय भुमि समस्या सावधान आयोगका अध्यक्ष हरि प्रसाद रिमालले भुमि प्रयोग गर्ने अधिकार जस्ले वडामा नागरिता र जन्मदर्ता गर्छ उसैले भुमिको समस्याको सावधान गर्न पनि स्थनीय सरकारको नै ठूलो अधिकार हुने बताएका छन् । उनले थप्दै भनेका छन् ।

२०७२ सालको संविधानले कुनै पनि नागरिक आवासवाट बञ्चित हुन नपरोस भनेर संविधानमा नै उल्लेख छ । नेपाली नागरिक बंशजको आधारमा उसग नागरिता छ । तर जग्गा जमिन छैन । त्यसैले कुनैपनि जनता आवास, गास, बास, कपास आधार भूत आवश्यकतावाट कोहीपनि बञ्चित हुन नपारोस भनेर यो आयोग गठन भएको उल्लेख गरेका हुन् ।

कार्यक्रमा रामेछाप जिल्लका प्रदेश सभासदहरु, जिल्ला समन्व प्रमुख लगायत पदाधिकारीहरु, जिल्ला प्रमुख अधिकारी, सुरक्षा कर्मीहरु, पालिकाका जन प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमा उपस्थितहरुलाई रामेछाप भुमि समस्या सावधान समितिकी गंगा कार्कीले स्वागत मन्तव्यले स्वागत गरेकी थिइन ।

कार्यक्रमलाई भुमि विज्ञ डा. जगत बस्नेतले भुमि समस्या र सावधान नीति, नियम ऐन कानुनको विषयमा उपस्थितरुलाई शिक्षण गराएका थिए । बिभिन्न पालिकावाट आएका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरुले राखेको जिज्ञासाको उत्तर डा. जगत वस्नेतले दिएका थिए ।

उक्त कार्यक्रमको अध्यक्षता रामेछापका भुमि समस्या सावधान समितिका अध्यक्ष गौतम लामाले कार्यक्रममा उपस्थितिहरुलाई धन्यवाद दिएका थिए ।

कार्यक्रमको सञ्चालन रामेछाप भुमि समस्या सावधान समितिका सदस्य मिलन घिसिङले उत्कृष्ट ढंगवाट प्रस्तुत गरी बीच बीचमा जानकारी गराउदै कार्यक्रम सफल बनाउन भुमिका निर्वाह गरेका थिए ।

# सुशासन प्रवर्द्धन अध्यादेश प्रतिनिधिसभाबाट स्वीकृत



काठमाडौं- प्रतिनिधिसभाबाट ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश’ स्वीकृत भएको छ ।

बुधबार बसेको प्रतिनिधिसभाको बैठकले यो अध्यादेश स्वीकृत गरेको हो । यो अध्यादेशमा विपक्षी दलहरूको तर्फबाट ७ जना सांसदले अस्वीकृत गर्ने प्रस्ताव परेको थियो । तर, बहुमतले ति अस्वीकृत गर्ने प्रस्ताव पारित हुन सकेन ।

त्यसपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अध्यादेश स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गरे । जसलाई सभाले बहुमतले स्वीकृति प्रदान गरेको हो ।

अब सरकारले यो अध्यादेश प्रतिस्थापन गर्ने विधेयक ल्याउन सक्छ ।

# सुर्खेतबाट तारा एयरको उडान बन्द



**काँक्रेविहार (सुर्खेत)–** तारा एयरले सुर्खेतबाट मुगु, हुम्ला र जुम्लामा गर्दै आएको नियमित उडान बन्द गरेको छ । हरेक उडानमा नोक्सान भएपछि उडान बन्द गर्नुपरेको तारा एयरले जनाएको छ ।

कर्णाली प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले सन् २०२४ डिसेम्बर ४ मा उद्घाटन गरेको हवाई सेवा अहिले बन्द भएको हो ।

हिमाली टुर एण्ड ट्राभल्सले तारा एयरमार्फत तीन जिल्लाको उडान भर्दै आएको थियो । ट्राभल्सले कर्णाली प्रदेश सरकारबाट सहयोग नपाएको, हरेक उडानमा नोक्सान भएको भन्दै उडान बन्द गर्नुपरेको जनाएको छ ।

ट्राभल्सका मिनबहादुर रावलले अहिले तीन जिल्लामा सातामा दुई पटक नियमित उडान भर्ने सहमतिअनुसार काम सुरु गरिए पनि आवश्यक सहयोग प्राप्त नभएपछि हवाई सेवा बन्द भएको बताए ।

**कर्णालीका हिमाली जिल्लामा जान नेपालगञ्जको भर**

सुर्खेतमा हवाई सेवा बन्द भएपछि कर्णालीका हिमाली जिल्लामा आवतजावत गर्न पुन:बाँकेको नेपालगञ्ज विमानस्थलको प्रयोग गर्नुपर्ने अवस्था आएको छ । बाँकेबाट तारा, समिट र गोमा एयरले हुम्ला, जुम्ला, मुगु र डोल्पामा उडान भर्दै आएका छन् ।

सरकारी स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले सुर्खेतको विमानस्थलबाट उडान भरेको छैन भने कर्णालीमा एयरलाइन्सको कार्यालयसमेत छैन । सुर्खेतबाट यहाँका हिमाली जिल्लामा आवतजावतका लागि लुम्बिनी प्रदेशको नेपालगञ्ज विमानस्थल प्रयोग गर्नुपर्ने बाध्यता रहेको यात्रु बताउँछन् ।

# थापाथलीमा फुटेको मेलम्चीको पाइप मर्मत कार्य सुरू



**काठमाडौं–** काठमाडौंको थापाथली चोक नजिक आज बिहान फुटेको मेलम्चीको मुख्य पाइपलाइन मर्मत कार्य सुरु गरिएको छ । अहिले काठमाडौं उपत्यका खानेपानी लिमिटेड .केयुकेएल. को

प्राविधिक टोलीले फुटेको पाइपलाइन मर्मत कार्य सुरु गरिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड केयुकेएल का इन्जिनियर प्रकाश बरालले जानकारी दिए ।

उनले भने, 'आज बिहान थापाथलीमा मेलम्चीको फुटेको पाइप मर्मतका लागि हाम्रो टोली खटिएको छ । आज मर्मत कार्य सकेर आजै पानी वितरण सुचारु गर्ने तयारीमा छौं ।'

यता खानेपानीमन्त्री प्रदीप यादवले थापाथलीमा के कारणले मेलम्चीको पाइप लाइन फुटेको हो सो विषयमा पत्ता लगाउन काठमाडौं उपत्यका खानेपानी लिमिटेड केयुकेएल लाई निर्देशन दिएका छन् ।

'के कारणले पाइप फुटेको हो । त्यसको यकिन कारण पत्ता लगाउन छानबिन गरी अब उपरान्त यस्ता घटना दोहरिन नदिनुहोला, ' मन्त्री यादवले भने ।

बिहानै पाइप फुट्दा उक्त क्षेत्रमा बाढी आएर जलमग्न हुनुका साथै सडक समेत अवरुद्ध भएको थियो । थापाथली चोकबाट निर्भीक इन्टरनेशनल अस्पताल आउने सडकमा पाइपको लाइन फुट्दा पानी नजिकका घर र पसलहरूमा पसेको थियो ।

यसअघि पनि बबरमहल क्षेत्रमा नेपाल प्राधिकरणको काम गर्ने बेलामा खानेपानीको मुख्य पाइप लाइन फुट्दा बाढी आएको थियो । त्यस क्षेत्रका सरकारी कार्यालयहरू डुबानमा परेका थिए ।

# प्रचण्डसाग भेटपछि माधवले भने- गल्ती भए सच्चिन्छौं, निरंकुश शासन चाहिंदैन

**काठमाडौं–** नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राजा फर्काउने भनेर गरिएका गतिविधिहरू अस्वीकार्य रहेको बताएका छन् ।

सोमबार सिंहदरबारमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालसँगको भेटपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले यस्तो बताएका हुन् ।

राजतन्त्र फर्काउने भनेर गरिएका गतिविधि अस्वीकार रेहको र इतिहासको रथ अब पछाडि फर्किन नसक्ने नेपालको भनाइ थियो ।

'यस्तो गतिविधि अस्वीकार्य छ । इतिहासको रथ पछाडि फर्किन सक्दैन । प्रगति चाहियो, परिवर्तन चाहियो । जनताको हित र कल्याणको शासन चाहियो । त्यो राजाबाट सम्भव छैन, ' नेपालले भने, 'इतिहासले बताइसकेको छ । २४० वर्षको इतिहासले बताइसकेको छ । फेरि त्यो निरंकुश शासन जनता चाहँदैनन् । हामीले गल्ती गरेका छौं भने हामी सँच्चिनुपर्छ ।'

पृष्ठ ४ बाट जारी

**प्रभाकर शम्शेर...**

सुदृढ बनेको बताउँदै उनले संस्थापक अध्यक्ष राणाको सम्मानमा लेक्चर कार्यक्रमको सुरुवात सकारात्मक रहेको भनाइ राखे । साथै उनले नेपाल-भारत उद्योग वाणिज्य संघले प्रकाशनमा ल्याएको अनुसन्धानात्मक पुस्तक 'बिजनेस क्लाइमेट सर्भे फर इण्डियन कम्पनीज इन नेपाल' ले भारतीय लगानीकर्ताका लागि नेपालमा लगानीको वातावरणको अवस्था र अवसर बारेमा बुझ्न मागदर्शक हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सिद्धार्थ शमशेर जबराले बुवा स्वर्गीय प्रभाकर शमशेर जबराले व्यवसाय इमानदारीपूर्वक गर्न मार्गदर्शन गरेको बताए । 'हामी आज हाम्रो व्यवसायहरु आईटीसी, टाटा, भारत पेट्रोलियम तथा अन्य अन्तर्राष्ट्रिय विभिन्न ठूला विदेशी साझेदारहरुसँग गरिरहेका छौं, ' उनले भने, 'हामी आबद्ध कुनै पनि व्यवसायमा बुवाले कहिल्यै तत्कालिन समयमा राजपरिवारसँग रहेको आफ्नो सम्बन्ध र निकटता र विशेष प्रकारको अधिकारको दुरुपयोग गर्नु भएन । गलत लाभ लिनु भएन ।'

पिताका बारेमा जानकारी दिँदै उनले प्रभाकर शमशेरले उच्चशिक्षा अध्ययनपछि केही समय राष्ट्रिय योजना आयोगमा काम गरेको र केही समयपछि उक्त जिम्मेवारी आफ्ना लागि उपयुक्त नलागेर छाड्दै पछि राष्ट्रसंघमा काम गरेको बताए ।

प्रभाकर शमशेरले १९६० को दशकमा सोल्टी होटलको सुरुवात गरेका थिए भने त्यसमा ओबेरोय जस्तो प्रख्यात ब्राण्डलाई नेपालको होटल व्यवस्थापन क्षेत्रमा लिएर आएका थिए । नेपालमा अन्तर्राष्ट्रिय ब्राण्डहरुसँगको साझेदारी र उनीहरुसँगको व्यवस्थापन सम्झौतालाई व्यवहारिक बनाएर अघि बढ्न सके भने व्यवसायलाई स्थापित गर्न सकिन्छ भन्ने मान्यता उनको थियो ।

'उहाँ नै नेपालका पहिलो उद्यमी हुनुहुन्छ जसले अन्तर्राष्ट्रिय ब्राण्ड र साझेदारीलाई स्थापित गर्नुका साथै सफल बनाउनु ठूलो योगदान दिनुभयो, ' पिताको स्मरण गर्दै सिद्धार्थ शमशेरले भने ।

कार्यक्रमका प्रमुख वक्ता अन्तर्राष्ट्रिय मुद्रा कोषका कार्यकारी निर्देशक डा. कृष्णमूर्ति भेन्कटा सुब्रमन्यनले नेपालको उद्योग व्यापारका क्षेत्रमा योगदान दिने व्यक्तित्वको स्मृतिमा आयोजित कार्यक्रममा आफूलाई निम्त्याइएकोमा हर्ष प्रकट गरे । उनले समावेशी विकास कठिन कार्य रहेको बताउँदै भारतले पछिल्लो समयमा समावेशी रुपमा विकास हासिल गरेको उल्लेख गरे । सही र उच्चतम नैतिकताका साथमा समग्र आर्थिक विकास गर्न सम्भव रहेको भनाइ राखेका उनले भारत पछिल्लो समय उच्चतम नैतिकताका साथ आर्थिक प्रगतितर्फ बढ्दै गरेको बताए ।

कार्यक्रममा नेपाल-भारत उद्योग वाणिज्य संघले प्रकाशन गरेको 'बिजनेस क्लाइमेट सर्भे-२०२४' पुस्तकको पनि सार्वजनिक गरिएको थियो । कार्यक्रमको अन्त्यमा संघका उपाध्यक्ष एवं सूर्य नेपालका प्रबन्ध निर्देशक रवि रायभरमले सहभागीलाई धन्यवाद दिएका थिए ।

अन्तराष्ट्रिय

# दक्षिण कोरिया–अमेरिकी सैन्य अभ्यास, उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रहार



**सोल –** दक्षिण कोरिया र अमेरिकाले संयुक्त सैन्य अभ्यास सुरू गरेको केही घण्टामा उत्तर कोरियाले समुद्रमा केही बलिस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ । दुई देशबीचको सैन्य अभ्यासलाई उत्तर कोरियाले आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्ने गरेको छ ।

यो उत्तर कोरियाले यस वर्ष प्रहार गरेको पाँचौं क्षेप्यास्त्र हो । उत्तर कोरियाको ह्वाङ्घाइ प्रान्तबाट सोमबार क्षेप्यास्त्रहरू प्रहार गरिएको दक्षिण कोरियाको सेनाले जनाएको छ । तर ती क्षेप्यास्त्र कति टाढासम्म उडेका थिए भन्ने प्रष्ट नभएको दक्षिण कोरियाली अधिकारीहरूले जनाएका छन् । दक्षिण कोरियाको जोइन्ट चिफ अफ स्टाफले निगरानी स्थितिलाई बलियो बनाएको र अमेरिकासँग नजिकबाट समन्वय गरिरहेको बताएको छ ।

दक्षिण कोरिया र अमेरिकी सेनाले सोमबार सुरू गरेको अभ्यास ११ जुनसम्म चल्ने तालिका छ । आणविक हतियारसम्पन्न उत्तर कोरियाले दुई देशको संयुक्त सैन्य अभ्यासको निन्दा गरेको छ । उक्त अभ्यास 'खतरनाक उत्तेजक कार्य' भएको र 'यसले सैन्य द्वन्द्वको जोखिम बढाउने' उत्तर कोरियको भनाइ छ ।

गत साता दुई दक्षिण कोरियाली दुई लडाकु जेटले आवासिय क्षेत्रमा गल्तीले बमबारी गरेका थिए । त्यसबारे अनुसन्धान भइरहेको दक्षिण कोरियाली अधिकारीहरूले जनाएका छन् । उक्त घटनापछि दुई देशका सेनाले प्रत्यक्ष-गोलीबारी तालिम स्थगित गरेर 'फ्रिडम शिल्ड कमाण्ड पोस्ट' अभ्यास सुरू गरेका हुन् ।

बिहीबार उत्तर कोरियाली सीमा नजिकैको सहर पोचियोनमा दुई दक्षिण कोरियाली 'केएफ-१६' लडाकु जेटहरूले गल्तीले आठवटा 'एमके-८२' बम प्रहार गर्दा करिब ३० जना घाइते भएका थिए । तीमध्ये दुई जना गम्भीर छन् ।

घटनाबारे दक्षिण कोरियाली वायुसेनाले सोमबार पत्रकारहरूलाई जनाएअनुसार आफ्नो प्रारम्भिक मूल्यांकनमा 'केएफ-१६' का पाइलटहरू मध्ये एकले बम विस्फोट स्थलका लागि गलत निर्देशांकहरूमा प्रवेश गरेको देखिएको छ ।

# युद्ध अन्त्य गर्न अमेरिकी मागप्रति युक्रेन सकारात्मक



**वासिङटन –** अमेरिकी विदेश विभागका एक वरिष्ठ अधिकारीले रूससँगको युद्ध अन्त्यका लागि युक्रेन अमेरिकी मागप्रति सकारात्मक देखिएको जनाएका छन् ।

रुससँग तीन वर्षदेखि जारी युद्ध अन्त्यका लागि युक्रेन र अमेरिकी अधिकारीहरूबीच मंगलबार साउदी अरबमा महत्त्वपूर्ण वार्ता हुँदैछ । वार्ताका लागि अमेरिकी विदेशमन्त्री मार्को रुबियो र राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज मंगलबार नै साउदी अरब जाँदैछन् ।

युक्रेनी राष्ट्रपति भ्लोदिमर जेलेन्स्की भने सोमबार नै साउदी अरब पुग्दैछन् । उनले सोमबार नै साउदी युवराज मोहम्मद बिन सलमानलाई भेट्दैछन् । यसअघ युक्रनी राष्ट्रपति जेलेन्स्कीले आफ्नो हितका लागि 'रचनात्मक वार्ता गर्न प्रतिबद्ध' रहेको बताएका थिए । 'शान्ति नजिक ल्याउने र समर्थन जारी राख्ने दुवै सन्दर्भमा हामी परिणामको आशा गर्दछौं, ' जेलेन्स्कीले आइतबार भनेका छन् ।

मध्यपूर्व (पश्चिम एसिया)लागि अमेरिकी विषेश दूत स्टिभ विट्कफले वासिङटन 'शान्ति सम्झौताका लागि एक ढाँचा र प्रारम्भिक युद्धविराम चाहेको' बताएका छन् ।

यसअघि वार्ताका लागि अमेरिका पुगेका जेलेन्स्कीको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भेन्ससँग चर्काचर्की परेको थियो । ह्वाइ हाउसको ओभल अफिसमा भएको चर्काचर्कीपछि दुई देशबीच हुने भनिएको खनिज सम्झौता हुन सकेको थिएन । ट्रम्पले जेलेन्स्की लडाईं अन्त्य गर्न तयार नभएको दाबी गरेका थिए ।

त्यसलगत्तै राष्ट्रपति ट्रम्पले युक्रेनमाथि दबाब बढाउँदै गएका छन् । मस्कोसँग तत्काल युद्धविरामका लागि अमेरिकी प्रस्ताव स्विकार गर्नुपर्ने उनको माग छ । तर जेलेन्स्कीले भनेजस्तो युक्रेनको सुरक्षा प्रत्याभूतिका लागि भने ट्रम्प तयार भएका छैनन् । युक्रेनलाई दबाब दिनकै लागि ट्रम्पले युक्रेनलाई दिँदै आएको सैन्यलगायत सहायता रोक्का गरिसकेको छ ।

# आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा



काठमाडौं- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणा गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त

सोमबार पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनमा उक्त घोषणा गरिएको हो । आन्तरिक रोजगारीको ढोका खोल्ने भन्दै श्रम मन्त्रालयले रोजगार प्रवर्द्धन दशक घोषणा गरेको हो ।

उक्त घोषणा कार्यक्रममा श्रम मन्त्रालय र विभिन्न रोजगारदाता निकायबिच समझदारी पत्रमा हस्तान्तर समेत गरिएको छ । आन्तरिक रोजगार प्रवर्द्धन दशक घोषणाको आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रमको समेत शुभारम्भ भएको छ ।

समझदारी पत्रमा हस्ताक्षरले आन्तरिक रोजगारको ढोका खुलेको श्रम मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री ओलीलाई साक्षी राखेर रोजगारदाता निकायसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको हो ।

नाडा अटोमोबाइल एसोसिएसन, नेपाल होटल व्यवसायी सङ्घ, नेपाल सुनचाँदी व्यवसायी महासङ्घ, गार्मेट एसोसिएसन नेपाल, नेपाल निर्माण व्यवसायी महासङ्घ, लगायतले समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् ।

# जलस्रोत विधेयक दुई हप्ताभित्र सदनमा पेस गर्छौं: सभापति सिंह

काठमाडौं- पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले जलस्रोत विधेयक अबको दुई हप्ताभित्रमा सदनमा पेश गर्ने बताएका छन् ।

बिहीवार काठमाडौंमा आयोजित 'नेपालमा प्रभावकारी सुशासनका लागि एकीकृत नदी वेसिन योजना र व्यवस्थापन' विषयक कार्यशालामा बोल्दै सभापति सिंहले यस्तो

बताएका हुन् । उनले विधेयकमा मोटामोटी सहमति भइसकेपनि केही कुरामा सहमति जुटाउन बाँकी रहेको उल्लेख गर्दै अबको दुई हप्ताभित्र सदनमा पेश गर्ने बताए । उनले उर्जा विधेयकलाई समेत शेयरधनी नेपालीको हक र हित हुनेगरी ल्याउने प्रतिवद्धता व्यक्त गरे ।

सभापति सिंहले जंगल मासिँदै गएपनि पानीका स्रोतहरु समेत सुक्दै गएको कारण वन जंगलको संरक्षणमा सबैले जिम्मेवार हुन आवश्यक रहेको बताए ।

# आमाको सपना पुरा गर्दै कलाकार तथा पत्रकार बिनोद कार्की



■ इनिस बुढाथोकी

**काठमाडौं–** बिनोद कार्की एक प्रतिभाशाली व्यक्ति हुन्, जसले कलाकारिता र पत्रकारिता दुबै क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याएका छन् । उनी केवल एक कलाकार मात्र होइनन्, हास्यव्यंग्यका एक उत्कृष्ट प्रस्तुतकर्ता पनि हुन्, जसको शैली र अभिनयले नेपाली दर्शकहरूलाई आकर्षित गरेको छ ।

बिगत केही बर्षदेखि कलाकारिता क्षेत्र र पत्रकारिता क्षेत्रमा अमूल्य योदान दिदै आएका कार्की रामेछाप जिल्लामा जन्मिएका एक प्रतिभाशाली व्यति हुन् । जस्को पत्रकारिता क्षेत्र र कलाकारिता क्षेत्रमा अमूल्य योग्दान छ ।

कार्कीको जन्म रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं १, चाकेमा भएको हो । उनी माता बिष्णु मायाँ कार्की र पिता पदम बाहादर कार्कीका कान्छा छोरा हुन् ।

अहिले कार्की जन आकाश मिडिया प्रा .लि का रिपोर्टर हुन् अहिले उनले "प्रतिभाको लागि सम्मान नव प्रतिभाको लागि स्थान" दिने (संगीत खबर) कार्यक्रम चलाउछन् उनले झन्डै २०० हाराहारी कलाकारको अन्तर्वार्ता लिसकेकाछन् भने कार्कीले जनताको आवाजलाई आफ्नो समाचार माध्यमबाट कलम चालाउदै आएका छन्, जुन आजको पत्रकारिता क्षेत्रको एक महत्वपूर्ण कदम हो । कम बोल्ने लजालु स्वभाव भएका कार्कीले कलाकारिता क्षेत्र र पत्रकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएकाछन् ।

**कलाकारिता यात्रा**

उनको कलाकारिता यात्रा माइलो टिली चलचित्रबाट सुरु भएको हो । यस चलचित्रमा उनले आफ्नो अभिनयले दर्शकहरूको ध्यान आकर्षित गरे र त्यसपछि नेपाली टेली-चलचित्रको क्षेत्रमा उनको यात्रा अघि बढ्यो । उनले बारा मासे, सासु बुवारी, माइला, एक्लो मायाँ, बोक्सी, सहरीया बुवारी, जीवन भोगाई लगायतका थुप्रै नेपाली टेली सिरियलहरूमा अभिनय गरेका छन् । यी सबै सिरियलहरूमा उनले गम्बिर र हास्यर्पूण पात्रहरूको भूमिका निभाएका छन्, जसले उनलाई दर्शकहरूका माझ निकै लोकप्रिय बनायो ।

सिर्षकको लागि विशेष चर्चामा रहेको उनको अर्को क्षेत्र भनेको म्युजिक भिडियो हो । कार्कीले म्युजिक भिडियोमा पनि आफ्नो गम्बिर अभिनय र हास्य अभिनय प्रस्तुत गरेर धेरै म्युजिक भिडियोमा कमेडी र सिरियस पात्रको रूपमा काम गरेका छन् । उनका अभिनय गरेको केही चर्चित गीतहरूमा बाटैमा घर छ, गाउँ जाने बाटो, अंगालो कसौला, कान्छु मायाँलु बाटोमा घर छ जस्ता गीतहरू छन् । यी गीतहरूमा उनले दर्शकलाई हसाउने, मनोरञ्जन प्रदान गर्ने अभिनय गरेका छन् ।

# "आउट ल"को कथा गुण्डा नाइकेबाट प्रभावित हो ?

यही फागुन २९ गतेदेखि प्रदर्शनको तयारीमा रहेको एक्सनप्रधान फिल्म 'आउट ल : दफा २१९' दुई साताअघि सार्वजनिक ट्रेलरका कारण चर्चामा छ । एक्सन र मेकिङमा अब्बल देखिएको ट्रेलरले फिल्मप्रति दर्शकमा उत्साह र अपेक्षा बढाएको छ, जुन निर्माण टिमका लागि ठूलो चुनौती हो । ट्रेलरलाई युट्युबमा मिलेको प्रतिक्रिया हेर्ने हो भने धेरैले हलिउड र साउथ फिल्मसँग दाँजेका छन् ।

ट्रेलर हेर्दा फिल्ममा एक्सनलाई ज्यादा जोड दिइएको देखिन्छ । तर, निर्देशक विक्की महर्जनले फिल्ममा एक्सन मात्र नरहेको स्पष्ट पारेका छन् । उनी भन्छन्, 'यसमा एक्सन मात्र छैन । एक्सनसँगै देशको महत्वपूर्ण विषयलाई उठान गरेका छौं । फिल्ममा एक्सन, ड्रामा, कमेडी, थ्रीलर सबै छ । यसमा हेर्नका लागि धेरै कुरा छन् । 'सरप्राइज' पक्ष पनि धेरै छ । ट्रेलरमा सबै कुरा खोलेका छैनौं ।'

निर्देशक महर्जनले फिल्मको कथा कसैसँग नमिल्ने पनि दाबी गरेका छन् । एकजना गुण्डा नाइकेबाट प्रभावित भएर फिल्म बनेको चर्चाबारे उनले भने, 'यो काल्पनिक कथा हो । कोही पनि व्यक्तिसँग मिल्दैन । क्यारेक्टर ग्याङस्टार भए पनि यो बदला र न्यायको कथा हो । यसको कथावस्तु गह्रुङ्गो छ ।' उनले नेपालमा भइरहेको चित्त नबुझेका कुरालाई फिल्ममार्फत देखाउन खोजेको बताए ।

त्यस्तै, फिल्मका निर्माता अमित अग्रहरि 'आउट ल'ले एक्सनमा नयाँ 'बेन्चमार्क' सेट गर्ने बताउँछन् । उनी भन्छन्, 'हामीले फिल्ममा यस्तो एउटा विषय ल्याएका छौं, जुन भन्न आवश्यक थियो । मलाई एक्सनमा यो फिल्मले नयाँ 'बेन्चमार्क' नै खडा गर्छ जस्तो लाग्छ । मैले कमाउने सोच राखेर फिल्म निर्माण गरेको होइन । नयाँ सोच र नयाँ विषयवस्तु भएका कारणले फिल्ममा लगानी गरेको हुँ ।'

नेपालमा बनिरहेका फिल्मभन्दा 'आउट ल' एकदमै अलग रहेको उनको दाबी छ । 'हामीले कयौं एक्सनप्रधान फिल्म हेरेका छौं तर त्यसमा फिल आउन सकेको छैन । 'आउट ल'ले त्यो महसुस गराउँछ, ' उनले अगाडि भने, 'टिजर र ट्रेलरलाई दर्शकहरुले एकदमै राम्रो प्रतिक्रिया पनि दिनुभएको छ । यो हाम्रो ठूलो सफलता हो । यसले अर्को फिल्म बनाउन पैसा उठाइदियो भने म खुसी हुन्छु ।'

# महोत्सवमा सीमित पलको क्रेज



प्राय: नेपाली कलाकारको क्रेज हलमा भन्दा महोत्सवमा बढी देखिन्छ । त्यसमा अभिनेता पल शाह पनि पर्छन् । एक वर्ष लामो जेल जीवनपछि महोत्सवमा बाक्लै उपस्थिति जनाइरहेका उनलाई हेर्न दर्शकहरुको भीड थामिनसक्नु हुने गरेको छ । घाटा बेहोरिरहेका महोत्सवले समेत उनका कारण मुनाफा कमाउँछन् । तर, उनलाई लिएर फिल्म बनाएका निर्माता भने करोडौं डुबेर तनावमा छन् ।

जेल जीवनपछि उनले काम गरेका तीनवटा फिल्म 'मायावी', 'पूजार सार्की' र 'रावायण' यस वर्ष प्रदर्शन भइसकेका छन् । त्यसमध्ये 'पूजार सार्की' मात्र व्यावसायिक रुपमा सफल भयो । तर, यसको श्रेय उनले पाएनन् । फिल्ममा अभिनेता प्रदीप खड्का हाबी हुँदा सफलताको 'जस' पनि उनकै पोल्टामा एकलौटी पर्‍यो । यद्यपि, यो फिल्मको सफलताले पललाई केही हदसम्म राहत दिएको छ ।

उनले 'रावायण'बाट भने ठूलो आशा गरेका थिए । तर, प्रदर्शन अगावैदेखि उनको गेटअपका कारण भएको आलोचनाले फिल्मलाई नै डुबाइदियो । यसपछि शिवरात्रिमा उनको 'मायावी' रिलिज भयो । उनले महोत्सवमा समेत यो फिल्मको प्रचार गरेका थिए । तर, उनलाई हेर्न महोत्सवमा उर्लिएको भीड हलमा देखिएन । अन्ततः 'मायावी' फ्लप भएको छ । फिल्मको कमाइ ७० लाख पनि छैन ।

'रावायण' र 'मायावी'को डुबानपछि पलको क्रेज महोत्सवमा मात्र सीमित रहेको टिप्पणी भइरहेको छ । यो उनी स्वयंका लागि पनि सोचनीय विषय हो । महोत्सवमा उर्लिने भीड हलमा सामान्य पनि नआउनुले उनी कहीँ न कहीँ चुकिरहेको प्रष्ट छ । कतै महोत्सव र म्यूजिक भिडियोमा धेरै देखिँदा उनका फिल्म हेर्न दर्शकले रुचि नदेखाएका त होइनन् ? पलले यसको जवाफ खोज्नुपर्ने देखिन्छ ।

# माइकलको "राम नाम सत्य" गर्दै विराज भट्ट



अभिनेता विराज भट्टले 'जय परशुराम' प्रदर्शनको ८ वर्षपछि घरबाहिरको फिल्ममा काम गर्ने भएका छन् । उनले नयाँ फिल्म 'राम नाम सत्य'मा काम गर्ने पक्का भएको हो । उनी स्वयंले सोमबार फेसबुकमार्फत आफूले फिल्म सम्झौता गरेको जानकारी गराएका हुन् । यो फिल्मको निर्देशन माइकल चन्दले गर्नेछन् । उनी म्यूजिक भिडियो निर्देशक तथा कोरियोग्राफरको रुपमा परिचित छन् ।

'राम नाम सत्य'को घोषणा अघिल्लो वर्ष (२०८०)को माघमा भएको थियो । खासमा निर्देशक चन्दले फिल्ममा विराजका छोरा समीर भट्टलाई लिन चाहेका थिए । त्यसका लागि केही पटक उनको विराजसँग कुराकानी पनि भएको थियो । तर, 'बलिदान' रिलिजअघि समीरले अरु फिल्म नगर्ने भएपछि माइकलले विराजलाई नै मुख्य भूमिकामा लिएका हुन् । फिल्म एक्सनप्रधान हुने जनाइएको छ ।

विराज पछिल्लो पटक गत असोजमा रिलिज भएको आफू निर्देशित फिल्म '१२ गाउँ'मा देखिएका थिए । यो फिल्म सफल भएपछि उनी यसको सिक्वेल निर्माणको तयारीमा छन् । त्यसका लागि उनले निर्माण इजाजत समेत लिइसकेका छन् । आगामी बैशाखपछि छायांकन गर्ने उनको तयारी थियो । तर, अब उनी 'राम नाम सत्य'मा अनुबन्ध भएकाले '१२ गाउँ २'को निर्माण धकेलिने देखिन्छ ।

'राम नाम सत्य'बाट फिल्म निर्देशनमा डेब्यु गर्न लागेका माइकलले यसअघि थुप्रै म्यूजिक भिडियो निर्देशन गरिसकेका छन् । त्यही अनुभवलाई उनले फिल्म निर्देशनमा प्रयोग गर्न लागेका हुन् । फिल्ममा विराज अनुबन्ध भएपछि उनले फेसबुकमा एक पोस्ट गर्दै लेखेका छन्, 'यसपटक दर्शकले एउटा भिन्न स्वादको फिल्म हेर्न पाउनुहुनेछ । 'राम नाम सत्य' नाम जस्तै फरक र विशेष बन्नेछ ।'

# दीलिपको "हेल्लो काशीराम" जेठ २ गतेलाई तय

अभिनेता दीलिप रायमाझीको मुख्य भूमिका रहेको फिल्म 'हेल्लो काशीराम' आगामी जेठ २ गतेबाट प्रदर्शनमा आउने भएको छ । प्रदर्शन मितिसहित सोमबार निर्माण टिमले फर्स्टलुक पोस्टर पनि सार्वजनिक गरेको छ, जसमा दीलिपलाई काँधमा बोको बोकेर हिँडिरहेको देख्न सकिन्छ । यसले फिल्म कमेडी शैलीमा निर्माण भएको संकेत गर्छ ।




रिम विश्वकर्माको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दीलिपसहित सुरवीर पण्डित, रामचन्द्र अधिकारी, सुशील पोखरेल, उमेश राई (फुलन्देको आमा), अर्जुन गुरुङ (भँगेरी डन), नवज्योती रसाइली, सुमन खाँण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु लगायतको अभिनय रहेको छ भने अभिनेत्री प्रियंका कार्की अतिथि भूमिकामा छिन् ।


रेडलाइन फिल्म्सको ब्यानरमा पि.बी. थापाले फिल्मको निर्माण गरेका हुन् । यसमा यम आलेको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, शंकर महर्जनको द्वन्द्व निर्देशन, मित्र डि. गुरुङको सम्पादन, नरेन्द्र वियोगी र विपिन आचार्यको संगीत संयोजन तथा शाश्वत श्रेष्ठको पार्श्व संगीत रहेको छ । फिल्म मौलिक कथावस्तुमा बनेको निर्देशक विश्वकर्माको भनाइ छ ।

# प्रदीपको जन्मदिनमा "सुपरस्टार"को ट्याग दिंदै "पिताम्बर"को एक्सन टिजर रिलिज

युवापुस्तामा रुचाइएका चर्चित अभिनेता प्रदीप खड्का सोमबार आफ्नो ३३औं जन्मदिन मनाउँदैछन् । २०४८ साल फागुन २६ गते ललितपुरको कुसुन्तीमा जन्मिएका उनको जन्मदिनको अवसर पारेर फिल्म 'पिताम्बर'को नयाँ टिजर सार्वजनिक गरिएको छ । झन्डै एक मिनेट लम्बाइको एक्सनप्रधान टिजरमा उनलाई 'सुपरस्टार'को ट्याग दिँदै उनका दृश्यहरुलाई मात्र स्थान दिइएको छ ।

सार्वजनिक टिजरमा प्रदीप कतै रिसाहा भावमा एक्सन गर्दै प्रस्तुत छन् भने कतै सामान्य अवस्थामा देखिएका छन् । टिजर हेर्दा उनको पात्र बदलाको भावमा रहेको अनुमान लगाउन सकिन्छ । उनले फिल्मका लागि एक्सनमा गरेको मिहिनेत टिजरमा प्रष्ट देखिन्छ । उनले पूर्ण एक्सन भूमिकामा काम गरेको 'पिताम्बर' पहिलो फिल्म हो ।

आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा प्रदीपसहित दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, गौरव विष्ट, आशिष पुरुष लगायतको अभिनय छ ।



कृषा चौलागाईं निर्देशित 'पिताम्बर'का निर्माता विशाल चौलागाईं हुन् । पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता तथा सुमन गौतम कार्यकारी निर्माता रहेको फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, मानकृष्ण महर्जन र शेरबहादुर लामाको छायांकन, बन्दे प्रसादको सम्पादन तथा हिमाल केसीको एक्सन छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २९, २०८१ साल फागुन् २७ गते मंगलबार (MAR 11, 2025)

# भारतीय कार बजारमा उथलपुथल, फड्को मार्दै महिन्द्रा दोस्रो हुँदा बिक्री घटेर हुण्डाई चौथो




**काठमाडौं–** भारतीय कार बजारमा हुण्डाईलाई पछाडि पार्दै महिन्द्रा दोस्रो स्थानमा उक्लिएको छ । गत फेब्रुअरीमा बजारमा धेरै उथलपुथल भयो र मारुती सुजुकीपछि भारतको दोस्रो ठूलो सवारी निर्माता कम्पनी हुन्डाई महिन्द्रा एण्ड महिन्द्रा र टाटा मोटर्स जस्ता स्वदेशी कम्पनीहरूभन्दा पछि पर्दै चौथो स्थानमा पुग्यो ।

भारतमा खरिदकर्ताहरूले कुन कार मन पराउछन् र कुन कम्पनीले आफ्नो बिक्री घटाउनेछन् भनेर कसैले अनुमान गर्न सक्दैन । त्यसको नतिजा गत फेब्रुअरीमा पनि प्रमाणित भयो । फेब्रुअरी २०२५ मा हुन्डाई मोटर इन्डिया घरेलु यात्रुवाहक सवारीको बजारमा चौथो स्थानमा आयो । वास्तवमा, हुन्डाईले खुद्रा बिक्रीमा गिरावट देख्यो ।

फेडरेशन अफ अटोमोबाइल डीलर्स एसोसिएशन(फाडा)ले तयार पारेको तथ्यांक अनुसार मारुती सुजुकी इन्डिया पहिलो स्थानमा रह्यो भने हुण्डाईलाई पछि पार्दै महिन्द्रा एण्ड महिन्द्रा र टाटा मोटर्स क्रमशः दोस्रो र तेस्रो स्थानमा रहन सफल भए ।

हुन्डाईको बिक्री उक्त महिना २० प्रतिशतले गिरावट आएको छ । हुन्डाई मोटर इन्डिया लामो समयदेखि भारतीय यात्रुवाहक सवारी बजारमा दोस्रो स्थानमा थियो, तर फेब्रुअरी २०२५ मा चौथो स्थानमा झरेको हो । फेडरेशन अफ अटोमोबाइल डिलर्स एसोसिएसनको फेब्रुअरी २०२५ को बिक्री प्रतिवेदन अनुसार हुन्डाईको बिक्री २० प्रतिशतले घटेको छ । जसले गर्दा महिन्द्रा र टाटाले उछिनेका छन् ।

योसँगै मारुती सुजुकी इन्डिया शीर्ष स्थानमा रह्यो भने महिन्द्रा एण्ड महिन्द्रा र टाटा मोटर्स क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् । फाडाले आफ्नो प्रतिवेदनमा सन् २०२५ को फेब्रुअरीमा हुन्डाईको खुद्रा बिक्री ३८ हजार १५६ युनिट रहेको बताएको छ । यो फेब्रुअरी २०२४ मा भएको ४७ हजार ५४० युनिटको बिक्रीको तुलनामा २० प्रतिशत कम हो । यो गिरावटका कारण हुन्डाईको बजार हिस्सा १४.०५ प्रतिशतबाट घटेर १२.५८ प्रतिशत पुगेको छ । हुन्डाईले लामो समयदेखि दोस्रो स्थान ओगटेको थियो तर अहिले मारुती सुजुकी, महिन्द्रा एण्ड महिन्द्रा र टाटा मोटर्सपछि चौथो स्थानमा पुगेको छ ।

मारुती सुजुकी इन्डियाले फेब्रुअरी २०२५ मा मारुतीले १ लाख १८ हजार १४९ युनिट कार बिक्री गरेको हो । योसँगै यसको बजार हिस्सा बढेर ३८.९४ प्रतिशत पुगेको छ । यस्तै महिन्द्राले ३९ हजार ८८९ युनिट गाडी बिक्री गरेको छ । यसको बजार हिस्सा १३.१५ प्रतिशत भएको छ ।

टाटा मोटर्सले ३८ हजार ६९६ कार बिक्री गरी तेस्रो स्थान हासिल गरेको छ र यसको बजार हिस्सा १२.७५ प्रतिशत रहेको छ । राम्रो प्रदर्शनका कारण यी तीन कम्पनीले हुन्डाईलाई चौथो स्थानमा धकेलेका छन् ।

फाडाले देशभरका १ हजार ३७८ क्षेत्रीय यातायात कार्यालय (आरटीओ)बाट यो तथ्यांक संकलन गरेको हो । यो आँकडा खुद्रा बिक्रीको हो, जसले ग्राहकहरूलाई सिधै बिक्री भएका सवारीहरूको संख्या देखाउँछ । हुन्डाईको बिक्री घट्नुमा बजारमा बढ्दो प्रतिस्पर्धा, नयाँ मोडलको अभाव वा ग्राहकको रोजाइमा आएको परिवर्तन जस्ता धेरै कारण हुन सक्छन् ।

# कर्भ इभी, नेक्सन के ३ र टाटा सफारी जनकपुरमा पनि लन्च, बिक्रेता गिरिजा अटोमोबाइल्स

**काठमाडौं–** टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङले कर्भ इभी, नेक्सन के ३ र टाटा सफारी जनकपुरमा लन्च गरेको छ ।

सिप्रदी ट्रेडिङले जनकपुरस्थित गिरिजा अटोमोबाइल्समा कर्भ इभी, नेक्सन के ३ र टाटा सफारी लन्च गरेको हो ।

गाडी लन्च कार्यक्रममा सिप्रदी ट्रेडिङका प्यासेन्जर भेहिकल बिजनेस युनिट प्रमुख सावन्तजंग सिजापति, टाटा मोटर्सको नेपालका कन्ट्री म्यानेजर प्रसन्न रंगनाथान, मारवाडी सेवा समितिका अध्यक्ष निर्मल चौधरी लगायत उपस्थित थिए ।




सिप्रदी ट्रेडिङका प्यासेन्जर भेहिकल बिजनेस युनिट प्रमुख सिजापतिले जनकपुरमा नयाँ गाडी लन्च गर्न पाउँदा कम्पनी उत्साही रहेको बताए ।

गिरिजा अटोमोबाइल्सका प्रोपाइटर यांदु जैनले जनकपुरमा टाटा इभीका बढी रेञ्ज भएका गाडीको माग रहेको बताए ।

# सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले सामाखुशीको ईलाइट डेन्टल स्टुडियोमा १५% छुट पाउने


**काठमाडौं–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको सामाखुशीस्थित ईलाइट डेन्टल स्टुडियोबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले ईलाइट डेन्टल स्टुडियोमा १५ प्रतिशत छुट पाउनेछन् ।

यो सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु संचालनमा ल्याउँदै आएको छ ।

बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (भर्चुअल क्रेडिट कार्ड) संचालनमा ल्याएको थियो । साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको थियो ।




# यामाहाको डर्ट बाइक डब्लुआर १५५आर नेपाली बजारमा, अफ रोड राइडका लागि उपयुक्त




**काठमाडौं–** यामाहाको डर्ट बाइक डब्लुआर १५५आर नेपाली बजारमा आएको छ । यो बाइक अफ-रोड एडभेन्चर रुचाउने राइडरलाई ध्यानमा राख्दै कम्पनीले डिजाइन गरेको हो । नेपाली बजारका लागि धुलिखेलको डर्ट टेम्पलमा राइड एक्सपेरियन्ससहितको समारोहमा आयोजनासहित सार्वजनिक गरिएको हो ।

यामाहा नेपालका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार अग्रवालले साँचो हस्तान्तरण गरेपछि कार्यक्रममा एडभेन्चरमा उत्साही यामाहा ग्राहकहरूले बाइक कुदाएर डर्ट ट्र्याक एक्सपिरियन्स गरेका छन् ।

यामाहाको डुअल-पर्पोज बाइकको यो मोडलमा शक्तिशाली १५५ हर्षपावर लिक्विड-कूल्ड इन्जिन रहेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार यो बाइक हल्का तौल र टिकाउ फ्रेममा छ भने अफ-रोड ट्रेलहरूमा उत्कृष्ट हुनेगरि डिजाइन गरिएको छ । यसमा लङ ट्राभल सस्पेन्सन छ, जसले उच्चकोटीको स्थिरता अनुभव गराउँछ । यसमा नियन्त्रणका लागि टेलिस्कोपिक फ्रन्ट फोर्कलिंक टाइप रियर सस्पेन्सन छ ।

२४५ एमएमको उच्च ग्राउन्ड क्लियरेन्स रहेको यो बाइकमा ठूलो २१ इन्च फ्रन्ट ह्वील भएकाले अप्ठ्यारा बाटोमा पनि यात्रा सहज हुन्छ । बाइकको अगाडि र पछाडिको डिस्कब्रेक छ । यो बाइक अब नेपालका यामाहा शोरूमहरूमा उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

# हिमालयन बैंकका ग्राहकले एपबाटै सिधै इसेवामा रकम लोड गर्न सक्ने

**काठमाडौं–** डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनी इसेवा र हिमालयन बैंक बीच विद्युतीय कारोबारबारे साझेदारी भएको छ ।

यस साझेदारी पश्चात अब इसेवा प्रयोगकर्ता तथा हिमालयन बैंकका ग्राहकहरुले सहजै विद्युतीय माध्यमबाट रकम ट्रान्सफर गर्न सक्ने जनाइएको छ ।

दुवै संस्थाका ग्राहकहरूलाई थप सेवा र पहुँच प्रदान गर्ने उद्देश्यले दुवै संस्थाका प्रतिनिधिहरुले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

यस साझेदारी पश्चात अब हिमालयन बैंकको ग्राहकहरूले आफ्नो मोबाइल बैंकिङ एप प्रयोग गरि सिधै इसेवा वालेटमा रकम लोड गर्न सक्नेछन्र । यस्तै, इसेवा प्रयोगकर्ताहरूले आफ्नो इसेवा वालेटमा भएको रकम हिमालयन बैंकको खातामा ट्रान्सफर गर्न सक्नेछन् ।

इसेवामा हालसम्म ४९ वटा साझेदार बैंक तथा वित्तीय संस्थाहरू आबद्ध छन् । इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले यो सम्झौताले दुवै पक्षका ग्राहकलाई बिना झन्झट आफ्नो बैंक खाता र इसेवा वालेट बीच रकम ट्रान्सफर कार्य गर्न सहज बनाउने बताए ।

## प्रजातन्त्रको सम्मान गरौं

- ◆राज्य शक्तिको स्रोत जनता हुन्,
- ◆निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- ◆आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- ◆नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- ◆प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- ◆कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- ◆शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- ◆सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- ◆सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार